# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सरुमारानी गाउँपालिका
## प्यूठान

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सरुमारानी गाउँपालिका

## प्यूठान

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सरुमारानी गाउँपालिका

प्यूठान

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेष्ठ

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. ८३

विषयः **<u>लेखापरीक्षण प्रतिवेदन ।</u>**

श्री अध्यक्ष ज्यू ,

सरुमारानी गाउँपालिका, सरुमारानी गाउँ कार्यपालिकाको कार्यालय,

प्युठान।

१. **कैफियत सहितको राय** – हामीले सरुमारानी गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस सरुमारानी गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. सरुमारानी गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड ९८ लाख ५६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. २ करोड १८ लाख ८६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु नियमित गर्नुपर्ने रु.७९ लाख ७० हजार समेत गरी यस वर्ष रु.७९ लाख ७० हजार बेरुजू कायम रहेको छ । सरुमारानी गाउँपालिकाको गतवर्ष सम्म रु.१९ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.९९ लाख ५८ हजार रहेको छ । सरुमारानी गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने सरुमारानी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी सरुमारानी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

सरुमारानी गाउँपालिका,

प्युठान जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ९५ | २० | २९८५६ | ० | १२ | २१८८६ | ९५ | ८ | ७९७० | ० | ७९७० | ० | ० | ० | ७९७० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सरुमारानी गाउँपालिका, प्युठान | १९९७ | ० | ९ | १९८८ | ० | ७९७० | ९९५८ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम रु. |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | - | - | २१८८६१४७ |
| | गत विगत वर्षको | - | - | |
| २ | २०७५।७६ | - | - | ९३३६ |
| | कुल जम्मा | - | - | २१८९५४८३ |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विद्यायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस सरुमारानी गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारको संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सरुमारानी गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १५७.९७ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ भने यस पालिकाको जनसंख्या १९ हजार ३ सय ७० रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।६।१ देखि २०८०।६।४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ गरी जम्मा रु. १०४८३५४९११.१७ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४२९८७६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | लघु उद्म कार्यक्रममा कम लागत साझेदारी | २७५३८ |
| २ | पारिश्रमिक आय कर | ८६०० |
| ३ | शिक्षकको बढि तलब निकासा | ५९२३८ |
| ४ | दोहोरो भत्ता | ४५२०० |
| ५ | बैठक भत्ता | १०७९५० |
| ६ | राजस्वमा जरिवाना | २८५० |
| ७ | बढी प्रशिक्षक भत्ता | ८६७०० |
| ८ | अनुगमन भत्ता संघ | १९५५० |
| ९ | प्रदेश अनुदान कार्यक्रम अनुगमन भत्ता | ७२२५० |
| जम्मा | | ४२९८७६ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### २ वित्तीय विवरण परीक्षण

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**आय व्यय विवरण -** पालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्यय विवरण म.ले.प.फा.नं. २७२ अनुसारको प्राप्ति भुक्तानी हिसाब देहायनुसारको पेश भएको छ ।

| प्राप्ती भुक्तानी हिसाव | | | | |
|---|---|---|---|---|
| विवरण | यसवर्ष रु. | | गतवर्षरु. | |
| | बजेट | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | ५२५८७६४५०.७८ | ४०७५६९१४३.७७ | ३९४८६२९९४.६५ | ३९४८६२९९४.६५ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | ५१८६८८९६७. | ४०२६६०६३५.२७ | ३९१२००६०२.९८ | ३९१२००६०२.९८ |
| ११००० कर | ९६१५८०००. | ७९४३२१७८.५९ | ७८३३८६१७.७३ | ७८३३८६१७.७३ |
| १३००० अनुदान | ३६२९०००६७. | ३१८३८६५२३.२१ | ३०८२८५६९१. | ३०८२८५६९१. |

| | | | | |
|---|---|---|---|---|
| संघीय सरकार | ३१७४९५०००. | २८५३९३१०१.१२ | २७८४११२०६. | २७८४११२०६. |
| प्रदेश सरकार | ४०३२००००. | ३२९९३४२२.०९ | २९८७४४८५. | २९८७४४८५. |
| जनसहभागिता | ५०८५०६७. | ० | ० | ० |
| १४००० अन्य राजस्व | ९८३५०००. | ४८४१९३३.४७ | ४५७६२९४.२५ | ४५७६२९४.२५ |
| ३२००० वित्तीय सम्पत्ति | ४९७९५९००. | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ७१८७४८३.७८ | ४९०८५०८.५ | ३६६२३९१.६७ | ३६६२३९१.६७ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० |
| कोषहरु | ७१८७४८३.७८ | २१९७६४०.५ | १२३९५७६. | १२३९५७६. |
| धरौटी | ० | २७१०८६८. | २४२२८१५.६७ | २४२२८१५.६७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ५२५८७६४५०.७८ | ४४२७२१०१२.४२ | ३७९८४१२७४.५२ | ३७९८४१२७४.५२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ५१८६८८९६७. | ४३८७२०२१९.६२ | ३७४५७६००७.६४ | ३७४५७६००७.६४ |
| २१००० पारिश्रमिक / सुविधा | १६६७२१०००. | १४४०९८६६८.२३ | १३१०९९४७३.३ | १३१०९९४७३.३ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १२९०१५०६७. | १००२०८८३७.२ | १११०१६१९३.०३ | १११०१६१९३.०३ |
| २५००० सहायता (Subsidy) | १७२५८५५०. | १६७११२५२. | १०६६३३२.२८ | १०६६३३२.२८ |
| २६००० अनुदान | ० | ० | १९००००. | १९००००. |
| २७००० सामाजिक सुरक्षा | ७७०४०००. | ४३१४४७०. | ७१३७४३३. | ७१३७४३३. |
| २८००० अन्य खर्च | २४५००००. | १२१५६३२. | २३६३६४६.६ | २३६३६४६.६ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १९५५४०३५०. | १७२१७१३६०.१९ | १२१७०२९२९.४३ | १२१७०२९२९.४३ |
| घ. अन्य भूक्तानी | ७१८७४८३.७८ | ४०००७९२.८ | ३७९८४१२७४.५२ | ३७९८४१२७४.५२ |
| कोषहरु | ७१८७४८३.७८ | २२९७४८७.५ | ३०४४७२४.६ | ३०४४७२४.६ |
| धरौटी | ० | १७०३३०५.३ | २२२०५४२.२८ | २२२०५४२.२८ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -३५१५१८६८.६५ | १५०२१७२०.१३ | १५०२१७२०.१३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ५८६००४७४.८ | ४३५७८७५४.६७ | ४३५७८७५४.६७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | २३४४८६०६.१५ | ५८६००४७४.८ | ५८६००४७४.८ |
| बैंक तथानगद बाकी | | २,३४,४८,६०६.१५ | ५,८६,००,४७४.८० | ५,८६,००,४७४.८० |

२.२ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले देहाय बमोजिमका आर्थिक कारोवारको सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | ६८९६२०००.०० | ६७७३१७७५.०० |
| भाषा तथा संस्कृति कार्यक्रम | १५०००००.०० | १४५७०९५.७२ |
| जम्मा | ७०४६२०००.०० | ६९१८८८७०.७२ |

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारीमा फरक नपरेको, यस वर्षको प्राप्ति रु.९७५७५२८१,यस वर्षको भुक्तानी रु. ९७५७५२८१ ले फरक भएको र बैङ्क मौज्दातमा फरक परेको छैन । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | ५८६००४७४।८० | ५०५१४४४२५।६० | ५४०२९६२९४।२० | २३४४८६०६।१५ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ५८६००४७४।८० | ४०७५६९१४३।७७ | ४४२७२१०१२।४२ | २३४४८६०६।१५ |
| फरक | ० | ९७५७५२८१.८३ | ९७५७५२८१.७८ | ० |

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ ।

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| संचित कोष | १,३७,३६,६९०.८६ | १,३७,३६,६९०.८६ | ०.०० |
| चालु | ०.०० | ०.०० | ०.०० |

| | | | |
|---|---|---|---|
| पूजिगत | ०.०० | ०.०० | ०.०० |
| विभाज्य कोष | ०.०० | ०.०० | ०.०० |
| धरौटी | ५२,२५,२२१.०१ | ५२,२५,२२१.०१ | ०.०० |
| अन्य कोषहरु | | | |
| १.ग ५.१ - स्थानीय तह विविध कोष खाता | २३,४४,५००.०० | २३,४४,५००.०० | ०.०० |
| २.ग ७.२ - स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | २१,४२,१९४.२८ | २१,४२,१९४.२८ | ०.०० |
| जम्मा | २,३४,४८,६०६.१५ | २,३४,४८,६०६.१५ | ०.०० |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखा अध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय—व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(घ) कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात यकीन गर्न सकिएन ।

३ **आन्तरिक नियन्त्रण** - यसमा निम्न व्यहोरा देखिएका छन्:

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

- स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।
- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ-टीडिएस नगरेको पाईयो ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत २४० योजनामा रु. ४७६९७५०८ खर्च लेखेकोमा संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

• नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अदयावधिक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३.२ **बेरुजु लगत -** पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसंग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

म. ले. प. फाराम ८०१ — बेरुजु लगत

म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन

म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख

४ **बजेट तथा कार्यक्रम-** यसमा देहायका व्यहोरा देखिएका छन् -

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय

समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।०३।१० गते रु.४७ करोड ८२ लाख २१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०३।२३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०३।२८ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

४.४ **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु.११४२६००० रकमान्तर गरेको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

४.५ **(क) त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुंजगत खर्च | १७२१७१ | ५८८८ | ५३५६८ | ६५१८४ | १२१७७८ | ७८५५३ |
| चालु खर्च | २६६५४९ | ४९३८९ | ६७४३ | ३७७६३ | ९८४०८ | ६९०३२ |
| जम्मा खर्च | ४३८७२० | ५५२७७ | ६०३१२ | १०२९४७ | २२०१८५ | १४७५८५ |
| खर्च प्रतिशत | ८४.५८ | १०.६६ | ११.६३ | १९.८५ | ४२.४५ | २८.४५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४३ करोड ८७ लाख २० हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.५ करोड ५२ लाख ७७ हजार अर्थात १०.६६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ६ करोड ३ लाख १२ हजार, अर्थात ११.६३ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.१० करोड २९ लाख ४७ हजार, अर्थात १६.८५ प्रतिशत र चौथो त्रैमासिकमा रु २२ करोड १ लाख ८५ हजार अर्थात ४२.४५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१४ करोड ७५ लाख ८५ हजार अर्थात २८.४५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

**(ख) खर्च बिश्लेषण -** पालिकाले यसबर्ष कुल आन्तिरक आय बाट रु. १०४५५१३०.४३, अन्य आयबाट रु ४९०८५०८.५, राजस्व बाँडफाँडबाट रु ७५४४३७९६.६३, अनुदानबाट रु. ४१५७९४०८५ समेत रु. ५०६६०१५२१.३ आम्दानी भएकोमा चालु तर्फ रु. ३३४२६८०६९.४ र पूँजिगत तर्फ रु १७३६२८४५५.९ समेत रु ५०७८९६५२५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०६ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.७१८८००० खर्च भएको छ जुन आन्तरिक आयको ६८.७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८.०५ प्रतिशत चालु र ३५.३५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४.६ **(क) योजना छनौट र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८-७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु.१ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि १० लाखसम्मका | रु.१० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १०६ | ६० | ६८ | २४ | ७ | २६५ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २६५ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ८० प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

**(ख) लक्ष्य प्रगति -** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २४० | ० | ० | ० | २४० |

४.७ **(ग) क्षेत्रगत बजेट र खर्चको स्थिति -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | ४००४००००.०० | ३३४७१०१८.४६ | ७.६३ |
| पूर्वाधार विकास | ११७०३४१५०.०० | ९९३६४३५१.१२ | २२.६५ |
| सामाजिक विकास | २४५५९२४५०.०० | २२५०२३४८७.५२ | ५१.२९ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | २८६२६०६७.०० | १३३९०९६७.०० | ३.०५ |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | ८७३९६३००.०० | ६७४७०३९५.५२ | १५.३८ |
| जम्मा | **५१८६८८९६७.००** | **४३८७२०२१९.६२** | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५१.२९ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा ३.०५ प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

५ **कानून र निर्देशिका निर्माण र कार्यान्वयन -** यसमा निम्न व्यहोरा देखिएका छन् -

५.१ **कानुन निर्माण र कार्यान्वयन -**

**(क) कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३८ वटा ऐन, २ वटा नियमावली, ६२ वटा कार्यविधि, ५ निर्देशिका र ४ नर्म्स लगायत ११ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

**(ख) निर्देशिका तथा मापदण्ड -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । गाउँपालिककाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू

गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । गाउँपालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

५.२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ४ र यो बर्ष थप भएको ५ गरी कुल ९ विवाद दर्ता भएकोमा ५ वटा फछ्र्यौट भएको देखिन्छ ।

६ **संगठन तथा कर्मचारी व्यवस्थापन-** यसमा देहायका व्यहोरा देखिएका छन् -

६.१ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, लेखा अधिकृत, अधिकृत छैटौं सहित २१ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

६.२ **तलवि प्रतिवेदन पारित नगरेको -** निजामती सेवा ऐन २०४९ को दफा ७(ख) मा तलवी प्रतिवेदन पास नगराई तलव खुवाउन हुदैन भन्ने व्यवस्था रहेको छ । कार्यालयले तलबी प्रतिवेदन पारित नगरी रु. १४५९१४९६ तलब तथा ग्रेड खर्च लेखेकोले तलब तथा ग्रेड रकम यकिन गर्न सकिएन । अतः कार्यालयले तलबी प्रतिवेदन पारित गरेर मात्र तलबभत्ता खर्च लेख्नु पर्दछ । यस सम्बन्धमा गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत औंल्याइएकोमा उक्त स्थितिमा सुधार भएको देखिएन ।

६.३ **कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६(२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता वापत रु.१५३०५३ खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५३,०५३ |

६.४ **कर्मचारी करार—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पाालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गराई विभिन्न स्वीकृत दरबन्दी, कार्यक्रम करार तथा स्वास्थ्य तर्फका प्राविधिक समेत विभिन्न पदमा ८३ जना कर्मचारीहरू करारमा राखि रु.२६५१९५३४ खर्च लेखेको छ । पालिकाले स्थायी दरबन्दी पदपुर्ति तर्फ ध्यान दिनुपर्दछ ।

६.५ **कर्मचारी कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले यसवर्ष कर्मचारी कल्याण कोषमा रु.१०००००० ट्रान्सफर गरेको छ । पालिकाले स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

७ **सेवाप्रवाह विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ३८ वटा ऐन, २ वटा नियमावली, ६२ बटा कार्यबिधि र ५ निर्देशिका र ४ नर्म्स स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट जन्मदर्ता ५६९, मृत्युदर्ता १५३, बसाईसराई दर्ता १११, विवाह दर्ता २१५ र सम्बन्धविच्छेद दर्ता १४ गरेको विवरण प्राप्त भएको छ । सडक निर्माण तर्फ कालोपत्रे सडक निर्माण १.०३५ कि.मि, ग्राभेल सडक निर्माण ७.१८५ कि.मि निर्माण भएको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

८ **सम्पति व्यवस्थापन** - यस सम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन् ।

८.१ **सम्पत्ति हस्तान्तरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

८.२ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** - स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण

नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ ।

८.३ **जिन्सी सम्पतिको सुरक्षा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रवानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको, कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको पाईयो। यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

८.४ **मालसामानको गुणस्तर** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

९ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ता** - यसमा निम्न व्यहोरा देखिएका छन् :

९.१ **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा संघ तर्फको रु.२५२६१८९८.८८ र प्रदेश तर्फको रु. २९६९३५७.९१ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९-०३-२५ मा फिर्ता गरेको छ ।

| क्रस | | अनुदानको प्रकार | आम्दानी | खर्च रकम | बाँकी रकम | निकासा फिर्ता |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | शसर्त अनुदान चालु | १६९६२६०००.०० | १४९९७१२५८.८२ | १९६५४७४१.१८ | १९६५४७४१.१८ |
| २ | | शसर्त अनुदान पुँजीगत | २०६६९०००.०० | १९३६६८६२.९९ | १३०२१३७.०१ | १३०२१३७.०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | विषेश अनुदान पुँजीगत | १४००००००.०० | ९९०६६४२.३१ | ४०९३३५७.६९ | ४०९३३५७.६९ |
| ४ | | समपुरक अनुदान पुँजीगत | २२००००००.०० | २१७८८३३७.०० | २११६६३.०० | २११६६३.०० |
| | | **जम्मा** | **२२६२९५०००.००** | **२०१०३३१०१.१२** | **२५२६१८९८.८८** | **२५२६१८९८.८८** |
| ५ | लुम्बिनी प्रदेश | शसर्त अनुदान पुँजीगत | ८००००००.०० | ७७८१५६१.०० | २१८४३९.०० | २१८४३९.०० |
| ६ | | विषेश अनुदान पुँजीगत | १२५०००००.०० | १२०७७५७७.३३ | ४२२४२२.६७ | ४२२४२२.६७ |
| ७ | | समपुरक अनुदान पुँजीगत | १०६४२७८०.०० | ८३१४२८३.७६ | २३२८४९६.२४ | २३२८४९६.२४ |
| | | **जम्मा** | **३११४२७८०.००** | **२८१७३४२२.०९** | **२९६९३५७.९१** | **२९६९३५७.९१** |
| | | **कुल जम्मा** | **२५७४३७७८०.००** | **२२९२०६५२३.२१** | **२८२३१२५६.७९** | **२८२३१२५६.७९** |

९.२ **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा खर्च लेखेको छ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।यसका केहि उदाहरण देहाय अनुसार छन् —

| सि.नं. | कार्यक्रमको नाम | भुक्तानी पाउने व्यक्ती/फर्म | भुक्तानि रकम |
|---|---|---|---|
| १ | मागमा आधारित बिउ वितरण | ५८३ जना कृषक/कृषि समुह | २९७६२६ |
| २ | पकेट क्षेत्र प्रोत्साहन कार्यक्रम | नौघाट कवे धान पकेट क्षेत्र | ५०००० |
| | | चुकाहा कृषि धान पकेट क्षेत्र | ५०००० |
| | | गनाहा धान पकेट क्षेत्र | ९८९७५ |
| | | रत्ने मसुरे गहु पकेट क्षेत्र | ९९७१९ |
| | | प्रभु ओद्राले धान पकेट क्षेत्र | १००००० |
| | | गुराँसेनी सुन्तला उत्पादन पकेट क्षेत्र | ९९७१९ |
| | | दिपज्योति धान उत्पादन पकेट क्षेत्र | ५०००० |
| | | पनाहा बाङ्गेवेशी गहुँ पकेट क्षेत्र | ५०००० |
| ३ | आकस्मिक बाली संरक्षण तथा सहयोग कार्यक्रम | ४१३ जना कृषकहरु | २८८००० |

| | | | |
|---|---|---|---|
| ४ | बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तर्गत तरकारी मिनिकिट वितरण तथा ढुवानी | ६ वटा वडाका ९० जना सुनौला १००० दिनका आमाहरुलाई तरकारी मिनिकिट | ८८८३० |
| ५ | भकारो सुधार | ३७ जना कृषकहरु | ८,५८,८९३ |
| ६ | बाखाको खोर सुधार | ६२ जना कृषकहरु | १४०२४९२ |
| ७ | बंगुरको खोर सुधार | १२ जना कृषकहरु | २५८९३३ |
| ८ | बाखा प्रवर्द्धन कार्यक्रम | श्री बिरिंगकोट, राङ्गभाङ्ग पशुपालन उद्यमी कृषक समुह | ४,५२,०००/- |
| ९ | बाखा प्रवर्द्धन कार्यक्रम | श्री पुर्णिमा कृषि तथा पशुपालन कृषक समुह | ४,५२,०००/- |
| १० | बाखा पकेट निरन्तरता कार्यक्रम | कर्मठ सामाजिक महिला उद्यमी सहकारी संस्था रिहार | ६७९४५५/- |

१० **आर्थिक सहायता तथा विविध खर्च**

१०.१ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. ७५७००० आर्थिक सहायता वितरण गरेका जनाएतपिन अन्य विभिन्न शीर्षकबाट समेत आर्थिक सहायता गरेको र सोको एकीकृत अभिलेख नराखेकोले यस सम्बन्धमा एकिन हुन सकिएन । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०.२ **विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु. १७४०३३१ सहित अन्य कार्यक्रमबाट समेत खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

११ **आन्तरिक लेखापरीक्षण -** आन्तरिक लेखापरीक्षण (कार्यविधि) निर्देशिका, २०६८ को दफा १(६) को उपदफा (ख) मा प्रत्येक चौमासिक अवधि व्यतीत भएको एक महिनाभित्र अनिवार्यरुपमा आन्तरिक लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र सोही दफाको उपदफा (ग) मा आन्तरिक लेखापरीक्षण सम्पन्न भएको १५ दिनभित्र प्रतिवेदन तयार गरी सम्बन्धित कार्यालयलाई उपलव्ध गराउनु पर्ने उल्लेख छ । कार्यालयमा आन्तरीक लेखापरीक्षण शाखा रहेता पनि जनशक्ति नभएकोले लेखापरीक्षण भएको छैन । चौमासिक लेखापरीक्षण गरी सोको चौमासिक रुपमा प्रतिवेदन जारी गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१२ **पेश्की बाँकी —**

*..........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्यौंट गरेको प्रमाण पेश भएको आधारमा मिति २०८०। १२ । २७ को निर्णयबाट रु. ३४०५७३२।- सम्परीक्षण गरिएको ।)*

१३ **सामाजिक सुरक्षा -** सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.६७७३१७७५ खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

(ख) पारदर्शिता- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइन ।

(ग) भत्ता वितरणको अनुगमनः सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१४ **शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान -** शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री सरस्वती मा.वि. लाई अनुदान स्वरुप रकम रु.३०००००० निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

(क) नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ (पहिलो संशोधन, २०७५) को परिच्छेद ८.३ मा शिक्षकको व्यवस्था सम्बन्धमा उल्लेख छ । निर्देशिकामा थप शिक्षक व्यवस्थापन सेवा करारको माध्यमबाट गर्ने व्यवस्था रहेकोमा सो विपरित विद्यालयले अध्यापन गराईरहेका शिक्षक तथा विद्यालय सहयोगीहरुलाई थप तलब तथा पोशाक भत्ता वापत रु.२५६४२४७ खर्च गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको मर्म अनुसार रकम खर्च गर्नुपर्दछ ।

(ख) निर्देशिकाले सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर अभिवृद्धिका लागी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालये शैक्षिक

सामाग्री खरिद, स्कुल बसको इन्धन, बिमा, कर र मर्मत वापत रु.३३५५५३ खर्च गरेको छ । निर्देशिकाको मर्म विपरित गरिने यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

## १५ शिक्षा तर्फ

१५.१ **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

१५.२ **विद्यालयको अनुगमन नियमन व्यवस्थाः** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याकंन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

१५.३ **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिकाभित्र संचालनमा रहेका २८ सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तको लागि रु.४०५०००० अनुदान विद्यालयको मागको आधारमा नभई EMIS डाटाको आधारमा निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

- पालिकाले विद्यालयहरुलाई पाठ्यपुस्तक खरिदका लागी दिएको निकासा रकम खर्च पश्चात विद्यालयबाट सम्बन्धित विद्यार्थीले वा निजका अभिभावकहरुले पुस्तक बुझेको भरपाईहरु माग गरि फरफारक गर्ने गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण गरेको देखिएन ।
- सवै विद्यालयले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा विद्यार्थीको बुझेर लैजाने अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण गरेको देखिएन ।
- निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन।
- पाठ्यपुस्तकको नाम उल्लेख नगरी सेट तथा मुल्य मात्र उल्लेख गरेको ।

पालिकाले उल्लेखित कुराहरुमा ध्यान दिनुपर्दछ ।

१५.४ **छात्रवृत्ती -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा आई.ई.एम.आई.एस.मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले आई.ई.एम.आई.एस.मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २८ वटा विद्यलायलाई रु.१११५५०० निकासा गरेको छ । आई.ई.एम.आई.एस.मा प्रवष्टि भएको संख्यालाई सत्यापन नगरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

१५.५ **दिवा खाजा -** कार्याक्रम कार्यान्वयन पुस्तिका मा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मा विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका २८ वटा सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु.११०१४००० निकासा भएकोमा विद्यालयहरुले कार्यान्वयन पुस्तिका अनुसारको खाजाको मेनु तयार गरेको पाइएन ।अतः आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजाको व्यवस्थापनको अनुगमन गर्नुपर्दछ ।

१५.६ **बिद्यालयहरुको लेखापरीक्षण -** पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत २८ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०७९।०८० को अन्तिम लेखापरीक्षण अवधिसम्म २८ बिद्यालयले लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ।

१५.७ **अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मादहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

१५.८ **अनुदान उपयोग -** पालिकाले निम्न विद्यालयलाई निम्नानुसारको शीर्षकमा अनुदान उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| विज्ञान प्रयोगशाला | सत्य मा.वि ददेरी | ६५०००० |
| आई सि टी ल्याब | श्रमरानी मा.वि बुढीचौर | ६५०००० |
| आई सि टी ल्याब | ने.रा.मा.वि हंसपुर | ६५०००० |
| पुस्तकालय | खड्गेश्वरी मा.वि दर्भान | ६५०००० |

**(क) प्रस्तावना पेश नगरी गाँउपालिका वाट छनौट -** कार्यक्रम कार्यान्वयन पुष्तिकामा स्थानिय तहले इन्टरनेटको पहुँच भएका तथा विधुतको नियमित आपूर्ति भएका विधालयहरुको विवरण तयार गरि ती विधालयबाट प्रस्ताव माग गर्ने प्रस्तावको मूल्यांकन गरी विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले विधालयवाट प्रस्ताव माग नगरि तथा कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि निर्णय गरेर विधालयलाई शिक्षण सिकाइमा आइ. सिटी को प्रयोग का लागि अनुदान उपलब्ध गराएको छ । अतः गाउँपालिकावाट अनुदान उपलब्ध गराउदा कानुन बमोजिम विधालय छनौट गरि उपलब्ध गराउनुपर्दछ ।

**(ख) लागत अनुमान तयार नगरी खरिद कार्य भएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । खरिद सम्बन्धमा गाउँपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाइएन । अतः गाउँपालिकावाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

**(ग) अनुगमन नभएको -** सम्वन्धित विधालयले अनुदान उपलब्ध गराएअनुसार खरिद कार्य भए नभएको सम्बन्धमा गाउँपालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । गाउँपालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

**(घ) कार्यसम्पन्न प्रतिवेदन पेश नभएको -** सम्बन्धित विधालयवाट कार्य सम्पन्न प्रतिवेदन पेश भएको पाईएन। विधालय ले उक्त कार्यक्रमको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्दछ ।

१५.९ **निजी विद्यालय व्यवस्थापन -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सिमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।

• निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।

• शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।

• अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

१५.१० **विद्यालयको भौतिक पूर्वाधार व्यवस्था -** पालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

१५.११ **शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई समानीकरण अनुदानबाट रु.३३५८३२० तलब भत्ता भुक्तानी गरेको पाईयो । शशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा समानीकरण शीर्षकबाट खर्च लेखेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३३,५८,३२० |

१६ **पदाधिकारी सुविधा -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ ।

लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यातायात सुविधा रु.२२ लाख ५६ हजार, टेलिफोन तथा मोवाइल रु.११ लाख १० हजार, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.१० लाख ८ हजार, समन्वय र सहजिकरणमा १५ लाख १२ हजार अतिथि सत्कारमा रु. ५ लाख १६ हजार, खानेपानी तथा मर्मतमा रु.२ लाख ४० हजार र चाड पर्व खर्चमा रु.३ लाख ६ हजार खर्च भुक्तानी गरेको देखियो ।

| पद | यातयात | पत्रपत्रीका ईन्टरनेट | टेलिफोन | अतिथि सत्कार | जनसम्पर्क विशेष सुविधा | खानेपानी तथा सरसफाई | मर्मत संभार र विधुत / उर्जा खर्च | चाड पर्व खर्च | जम्मा वार्षिक |
|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| अध्यक्ष | १४४००० | ४८००० | ४२००० | ७२००० | १२०००० | ६०००० | ६०००० | १५००० | ५६१००० |
| उपाध्यक्ष | १४४००० | ४८००० | ३६००० | ६०००० | ९६००० | ६०००० | ६०००० | १५००० | ५१९००० |
| वडा अध्यक्ष | ७२०००० | २१६००० | २१६००० | २८८००० | ४३२००० | ० | ० | ७२००० | १९४४००० |
| कार्यपालिका सदस्य | ५२८००० | २१६००० | २१६००० | ९६००० | ३८४००० | ० | ० | ६४००० | १५०४००० |
| महिला सदस्य | ७२०००० | ४८०००० | ६००००० | ० | ७२०००० | ० | ० | १४०००० | २६६०००० |
| **जम्मा** | **२२५६०००** | **१००८०००** | **१११००००** | **५१६०००** | **१७५२०००** | **१२००००** | **१२००००** | **३०६०००** | **७१८८०००** |

१७ **पदाधिकारी यातायात सुविधा -** लुम्विनी प्रदेश, आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी कानूनमा संशोधन र एकिकरण गर्न वनेको ऐन, २०७६ को दफा ४(२) मा स्थानीय तहले सवारी साधन उपलव्ध नगराएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची बमोजिम यातायात खर्च पाउने व्यवस्था छ । पालिकामा गाडी उपलब्ध रहेको र सो को प्रयोग गाउँपालिका अध्यक्षवाट नै हुने भए तापनि गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्माले अनुसूची बमोजिमको मासिक रु.१२००० का दरले रु.१४४००० यातायात खर्च वुझिलिएको देखियो । यसरी सवारी साधन उपलव्ध भएको अवस्थामा पदाधिकारीले यातायात खर्च लिनु नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४४,००० |

१८ **बैठक भत्ता -** लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका, २०७९ को दफा ४(ख) बमोजिम स्पष्ट विषयबस्तु र कार्ययोजना बिनाको बैठकमा भत्ता प्रदान गर्नु हुदैन, साथै दफा ४(ग) बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई बैठकमा भत्ता प्रदान गर्न पाईने छैन भनी उल्लेख छ। कार्यालयले आफ्नो नियमित काममा समेत पदाधिकारी तथा कर्मचारीलाई सहभागी गराई विभिन्न गौ.भौ.नं. बाट बैठक भत्ता भुक्तानी गरेको छ । यसरी कार्यालयका पदाधिकारी तथा कर्मचारी मात्र सहभागी भई नियमित काममा समेत बैठक भत्ता खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१९ **सचिवालय सहयोगी -** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद राख्न नहुने उल्लेख छ । तर पालिकाले सचिवालय सहयोगी शान्तराज आचार्य र पार्वती मल्ल जि.सी लाई नियुक्ति गरी जम्मा रु.४१६००० खर्च लेखेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,१६,००० |

२० **अनुगमन भत्ता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण कार्य उपाध्यक्षको संयोजकत्वमा गठित समितिबाट हुने व्यवस्था छ, तथा अनुगमन भत्ता सम्बन्धमा लुम्बिनी प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन, २०७६ को दफा १४ मा स्थानीय

तहका पदाधिकारी तथा सदस्यले ऐनले निर्धारण गरेको सुविधा वाहेक अन्य सुविधा लिन नपाउने व्यवस्था छ भनी उल्लेख गरेको छ ।पालिकाले आफ्नो कार्य क्षेत्रभित्र संचालित कार्यक्रमको अनुगमन गरी आवश्यक थप निर्देशन दिनु पदाधिकारी तथा कर्मचारीहरुको नियमित कार्य क्षेत्रभित्र पर्दछ ।नियमित कार्यको अनुगमन गरेको भनि अनुगमन भत्ता लिनु नियमसम्मत नदेखिएकोले अनुगमन भत्ता तथा समितिको बैठक खर्च नियन्त्रण गर्नुपर्दछ ।

२१ **खर्चमा मितव्यिता कायम गर्नुपर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।यसै गरी खर्च लेख्दा आवस्यकता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेको देहाय बमोजिम पाईयो ।

२१.१ **अनुगमन मूल्याङ्कन खर्च** - भम्रण खर्च नियमावली,२०६४ को नियम ४ अनुसार सरकारी खर्चमा भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीले सम्भव भएसम्म किफायती र कम खर्चिलो हुने गरी भ्रमण गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष अनुगमन मुल्याङकन तथा भ्रमण शिर्षकमा रु. ३३६३०३७ तथा संघिय तथा प्रदेश हस्तान्तरित कार्यक्रमबाट सञ्चालित विभिन्न कार्यक्रम र पालिकाका विभिन्न योजनाहरुबाट कट्टि गरेको कन्टेन्जेन्सी रकमबाट समेत अनुगमन मूल्याङ्कन तथा भ्रमण खर्च गरेको छ । नियमावलीको नियम २१ बमोजिम कार्यालयले भ्रमणमा खटिने पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछी अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख खाता राखुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विश्वसनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुद गराई भ्रमण गर्ने पदाधिकारी तथा कर्मचारीबाट भ्रमण प्रतिवेदन प्राप्त गरे पश्चात भुक्तानी गर्नुपर्नेमा गरेको छैन। अद्यावधिक भ्रमण अभिलेख खाता र भ्रमण प्रतिवेदन बेगर भ्रमण खर्च भुक्तानी भएकोले दोहोरो पर्ने गरी खर्च भए नभएको एकिन गर्न सकिएन। यसमा सुधार हुनुपर्दछ।

२१.२ **भ्रमण खर्च** - लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू. २२०००००  खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ

२१.३ **इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले

यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.१८०९९४७ र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

२१.४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन** - पत्रपत्रिका छपाई तथा सूचना प्रकाशनः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.१० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.१८००००० खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ ।

२१.५ **मसलन्द तथा कार्यालय सामग्री खर्च** - सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं.३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.३०००००० खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

२१.६ **सवारी मर्मत खर्च** - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.९६६१३० र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन ।

२१.७ **कन्टिन्जेन्सी खर्च अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम रु.८४०३४९ कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

२२ **खरिद व्यवस्थापन** - यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

**(क) ठेक्काको विवरण—** निर्माण कार्यको विस्तृत अभिलेखाकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ । कार्यालयले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ ।

**(ख) बार्षिक खरिद योजना/गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड २१ लाख ७१ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**(ग) खरिद कारवाही अभिलेख —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

---

२३ **सरुमारानी कृषि तथा पशु उद्यशिलता विकास परियोजना" (हेफर प्रोजेक्ट नेपाल)** - यस परियोजनाको मुख्य लक्ष्य गरिबी निवारणका दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरु तथा सहकारीमा आबद्ध गरी सामाजिक पूँजीको अभिबृद्धी गर्नु, सुधारिएको बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट वाख्राको उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बाख्रा बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण श्रृजना गर्नु रहेको छ । परियोजनाको मुख्य गतिविधिहरुमा पशु खरिद तथा ढुवानी, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र आदि रहेकाछन् । सरुमारानी कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता

साझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु.४२०००००० को लागत साझेदारीमा मिति २०८० असार १५ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०७८।०२।११ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७५% ले हुने रकम रु.३१५००००० पालिकाले र बाँकी २५% ले हुने रकम रु.१०५००००० पालिकाले व्यहोर्ने व्यवस्था रहेको छ । यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०७९।८० मा रु.९१२४२४१ भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

(क) कानुनी व्यवस्था - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७९ बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन, २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत पेश्की दिएको नियम सम्मत भएन।

(ख) पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य ग्रामिण विकास समाज नेपाल मार्फत गराएको छ । हेफर नेपाल संस्थावाट ग्रामीण विकास समाज नेपाल संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।

(ग) सम्झौताको बुदा नं.९ अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

(घ) कार्यक्रमको उपलब्धी तथा मापदण्ड - सम्झौताको वुँदा नं. ८ मा परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन । उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ । यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन । वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

(ङ) वजेट खर्च र कर्मचारी परिचालन - पालिकाले आफ्ना कर्मचारीहरुबाट गराउन सक्ने कार्यक्रमहरु कार्यालयका कर्मचारीहरु परिचालनबाट गराएको हुनु पर्दछ । पालिकाले यस कार्यक्रमवाट कार्यान्वयन गर्ने बाख्रा वितरण, खोर

सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै गराउन सक्नेमा कर्मचारीहरुवाट नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन । अत : कार्यालयका कृषि शाखा तथा पशु शाखामा कार्यरत कर्मचारीहरुलाई प्रभावकारी रुपमा उपयोग गरिनु पर्दछ

(च) विल विजक - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु.२० हजारभन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्नपर्ने व्यवस्था रहेको छ । त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ । पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु.९१२४२४१ भुक्तानी गरेको र हेफर प्रोजेक्टले ग्रामीण विकास समाज नेपाल मार्फत कार्यक्रम कार्यान्वयन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो । अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले २५ प्रतिशत योगदान गर्ने र ७५ प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैंक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको अनियमित देखिन्छ ।

(छ) भुक्तानीमा सिफारिश - कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप उपलब्ध गराउनुपर्नेमा कुनै पनि पेश्की रकम भुक्तानी दिँदा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले सिफारिस गरेको देखिएन ।

(ज) अनुगमन मूल्यांकन र भुक्तानी - कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नुपर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्ने र सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ भन्ने व्यवस्था रहेकोमा कार्यविधिको व्यवस्था विपरीत खरिद सम्झौतामा व्यवस्था राखी हेफर प्रोजेक्ट नेपाललाई पेश्की दिई कार्यसम्पन्न भएको छ । जसले गर्दा अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गरी समितिको सिफारिसमा भुक्तानी दिइने व्यवस्था लागू हुने अवस्था देखिन्न । पालिकावाट कार्यक्रमको उपलब्धी र प्रभावका वारेमा विश्लेषण गरेको देखिएन ।

---

२४ **समृद्धीका लागि वन** - नेपाल सरकार (संघीय सरकार) बाट वर्ल्ड बैकङ्को ट्रष्ट कोष अन्तर्गत वैदेशिक सोधभर्ना अनुदान तर्फ संस्थागत सुदृढिकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्टका लागि देहाय अनुसार क्रियाकलापका लागि रु.३७ लाख विनियोजन भएकोमा सो मध्ये रु.९८६७३९ खर्च भएको पाईयो ।

| बजेट शिर्षक | बजेट रु | खर्च शीर्षक | खर्च रु |
|---|---|---|---|
| ३२९००१०५ : सम्वृद्धिका लागि वन | ३७०००००० | मोटरसाईकल खरिद | २९९९०० |
| | | फर्निचर एण्ड फिक्चर्स | २७२७५० |
| | | वन प्राविधिकको पारिश्रमिक | ६६९८९ |
| | | कम्प्युटर, प्रिन्टर, स्क्यान्र, ल्याटटप खरिद | २५८३०० |
| | | क्षमता विकास तालिम | ८८८०० |
| २२५२२ : कार्यक्रम खर्च | २५,१२,००० | - | ० |
| २२६११ : अनुगमन, मूल्यांकन खर्च | ८८,००० | - | ० |
| २२७११ : विविध खर्च | ११,००,००० | - | ० |
| **जम्मा** | **११०००००** | | **९८६७३९** |

२५ **कृषि स्रोत केन्द्र सञ्चालन** - पालिकाले सरुमारानी कृषिताथा पशुपन्छी विकास स्रोत केन्द्र संचालन कार्यविधि, २०८० तर्जुमा गरी कृषि व्यवसायमा आधुनिकीकरण, व्यवसायीकरण गरी कृषि उत्पादन एवंम उत्पादकत्व वृद्धि गरी कृषकहरुको आयस्तरमा सुधार गर्ने उद्देश्यले स्रोत केन्द्रको निर्माण, ५ वटा भैसी, घासँ दाना खरिद गरी आ.व ०७९।०८० मा रु.१४५७०१८ खर्च गरेको छ । पालिकाले अति विपन्न परिवारको जिवनस्तर उत्थान गर्ने प्रयोजनार्थ स्रोत केन्द्र संचालनका लागि खर्च गरेकोमा उल्लेखित स्रोत केन्द्र स्थापना बाट विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने बजेट बिनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६ **अनुत्पादक खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| कार्यक्रमको नाम | रकम |
|---|---|
| विद्युत मिटरवक्स तथा तार खरिद | ४२९०२३ |
| न्यायीक समितिको भ्रमण खर्च | १४९९७२ |
| कर्मचारीलाई ब्याग र रेनकोट खरिद | २३२१६७ |

| | |
|---|---|
| कृत्रिम गर्भाधान मिसन कार्यक्रममा ब्याग र रेनकोट खरिद | १८००० |
| जम्मा | |

२७ **अन्य संस्था सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार स्थानिय तहको बजेट तर्जुमा गर्दा स्थानीय तहको कार्यक्षेत्र भित्र पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानिय तहको कार्यक्षेत्र भन्दा बाहिरका देहाय बमोजिमका संस्थाका विभिन्न प्रयोजना तथा सहायका लागि खर्च लेखेको पाईयो । स्थानिय सरकारको स्रोत अन्य तहका निकायहरुका लागी खर्च गरिने तथा नाफामुलक संस्थाका लागि खर्च गर्ने कार्यले स्थानिय योजना र विकासका लागी स्रोत अभाव हुने देखिन्छ । अतः यस्तो कार्यमा नियन्त्रण गर्दै स्थानिय विकासमा प्राथिमकता आधारमा बजेट बिनियोजन नगरी सो बिपरित बिनियोजन तथा खर्च गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

| विवरण | रकम |
|---|---|
| जिल्ला सहकारी संघ | २४६२५ |
| नेपाल पत्रकार महासंघ | २०००० |
| नेपाल साहित्य परिषद | ९८५० |
| नेपाल मगर महिला संघ | १०००० |
| नेपाल मगर संघ | १०००० |
| अखिल नेपाल किसान महासंघ | २०००० |
| अखिल नेपाल महिला संघ | १५००० |
| नेपाल प्रेस युनियन | १५००० |
| प्युठान उद्योग वाणिज्य संघ | ५०००० |

२८ **सूचना प्रकाशन खर्च** - गोरखापत्र संस्थानले मिति २०७०।०४।२३ मा संस्थानका सवै प्रकाशनहरुबाट प्रकाशित हुने सूचना तथा विज्ञापनहरुमा सरकारीको हकमा २५ प्रतिशत छुट दिने गरेको र अन्य पत्रिकाहरुले सो अनुसार नै छुट दिने गरेको देखिन्छ। तर नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले प्रकाशित गरेको सूचना तथा विज्ञापनहरुमा तोके भन्दा कम छुट लिएको देखियो। पालिकाले राष्ट्रिय दैनिक पत्रिकाहरुको २५ प्रतिशतलाई आधार लिई छुट सुविधा लिनुपर्दछ ।

| गो.भौ.नं. | फर्मको नाम | भुक्तानी | नपुग छुट रु. |
|---|---|---|---|
| ८२/२०७९/८/१९ | इन्टेन्सीभ मिडिया एण्ड सप्लायर्स प्रा.लि. | ६३००० | ६३०० |
| १६१- ०७९।०९।१९ | तुल्सीपुर मिडिया प्रा.लि. | ९२३१४ | २३०७८ |
| ३०९/२०७९/१०/१९ | इन्टेन्सीभ मेडिया एण्ड सप्लायर्स प्रा.लि. | ५०४०० | ५०४० |

| | | | |
|---|---|---|---|
| ३२४/२०७९/११/२१ | इन्टेन्सीभ मेडिया एण्ड सप्लायर्स प्रा.लि | ५०४०० | ५०४० |
| ३२६/२०७९/११/२१ | इन्टेन्सीभ मेडिया एण्ड सप्लायर्स प्रा.लि | ५६००० | ५६०० |
| ७३३/२०८०/०२/२१ | रासी पोष्ट दैनिक | १११५०० | २७८७५ |
| जम्मा | | | ७२९३३ |

२९ **छोरी पेवा बचत कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ बमोजिम वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले लक्षित वर्गको लागि विनियोजन गरेको रकम लक्षित वर्गको दिगो पूँजी निर्माण तथा उत्थानमा खर्च गर्नुपर्नेमा गाउपालिकामा बसोवास गर्ने नागरिकबाट जन्म लिने सबै चेलि(बालिका) को नाममा बचत खातामा मासिक रुपमा बालिका १० वर्षकी नहुँदासम्म रु.५०० का दरले जम्मा गरिदिने व्यवस्था स्वरुप आ.व २०७९।०८० मा रु.३५ लाख खर्च गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा खर्च नगरी यस्ता वितरणमुखी कार्यक्रममा खर्च गर्ने परिपाटीमा नियन्त्रण हुनुपर्दछ ।

३० **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ६ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ८७ जनालाई औसत ९२ दिनले रोजगारी उपलव्ध गराई रु.४६४६१२०।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

| वडा नं | कार्यक्रम/योजना संचालन | विनियोजित बजेट | जम्मा खर्च रकम | ज्यालामा भएको खर्च | रोजगार संख्या | औषत रोजगारी दिन |
|---|---|---|---|---|---|---|
| ६ | टुनीफेद-उपल्लो खुट्टि मो बा मर्मत | ३४६२०० | ३४६२०० | ३४६२०० | ६ | १०० |
| ६ | थक्लेनी-मुर्कुटी मो बा मर्मत | ४६१६०० | ४६१६०० | ४६१६०० | ८ | १०० |
| ५ | जस्पुर - बुढिचौर गोरेटो बाटो | ४६१६०० | ४६१६०० | ४६१६०० | ८ | १०० |
| ५ | विरिङ्गकोट-लुकलुके मो बा मर्मत | ४०३९०० | २८३८८४ | २८३८८४ | ६ | ८२ |
| ४ | बड्डाडा बजार टुडिखेल निर्माण वडा नं ४ | ३४६२०० | २२६७६१ | २२६७६१ | ६ | ६५.५ |
| ४ | बड्डाडा-धनकोट मो बा मर्मत | ४६१६०० | ४६१६०० | ४६१६०० | ८ | १०० |
| ३ | कोटघर-बुढिदेवि-धारापानी मो बा मर्मत | ४३२५२० | ४३२५२० | ४३२५२० | ८ | ९३.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | गोठेरी-नौघाट मो बा मर्मत | ४०३९०० | ४०३९०० | ४०३९०० | ७ | १०० |
| २ | मैदान-वर्नविर-झोलंगेपुल हुदै रन्ने मो बा मर्मत | ४०३९०० | ४०३९०० | ४०३९०० | ७ | १०० |
| २ | भुषाल चौपारी-बेसारपानी मो बा मर्मत | ४६१६०० | ४३८९८१ | ४३८९८१ | ८ | ९५.१ |
| १ | भित्रिखेत औलेनि दर्भान जोड्ने मो बा मर्मत | ४०३९०० | ४०३९०० | ४०३९०० | ७ | १०० |
| १ | बांगेशाल कास्कोट मो बा मर्मत | ४६१६०० | ३२१२७३.६ | ३२१२७३.६ | ८ | ६९.६ |
| | | ५०४८५२० | ४६४६११९.६ | ४६४६११९.६ | ८७ | |

३१ **लघु उद्यम तर्फ** - पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत उद्यमशिलता विकासका लागि बेसिक तथा एडभान्स किसिमका विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन तथा प्रविधि हस्तान्तरण गरी रु.२९ लाख ३४ हजार खर्च गरेको छ । यससम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्

(क) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

(ख) योजना छनौट - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ को दफा ३ (४) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहलगानी वा साझेदारिमा सञ्चालन हुने कार्यक्रम वा आयोजना बाहेकको कार्यक्रम वा आयोजना सञ्चालन गर्दा एक आपसमा दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्नेछ भनी उल्लेख छ । पालिकाले संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत प्रतिस्पर्धामा छनौट भएका उद्यमीहरुको लागि विभिन्न कार्यक्रम सञ्चालन गरी रु.२९ लाख २४ हजार खर्च गरेकोमा पालिकाले सोही प्रकृतिको लघु उद्यम कार्यक्रम छनौट गरी संघीय कार्यक्रम संग दोहोरिने प्रकृतिको तालिम सञ्चालन गरी रु.२४ लाख ४० हजार खर्च गरेको छ । साथै पालिकाले यस्ता तालिममा उत्पादन भएका सामग्रीको लगत तथा आम्दानी समेत भए गरेको पाइएन । पालिकाले कार्यक्रम छनौट गर्दा संघिय कार्यक्रम सँग दोहोरो हुने गरी खर्च गरेको पालिकालाई व्ययभार परेको देखियो ।

(ग) लघु उद्यम अनुगमन प्रतिवेदन - गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानिय तहले अनूसूची १६ बमोजिम उपयुक्त सूचकहरु तयार गरी कार्यक्रमको

प्रभावकारीको अनुगमन तथा मूल्याङ्कन गर्ने र अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ । यस गाउँपालिकाबाट सोको अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन ।

(घ) अन्य व्यहोराहरु -

• कार्यक्रमको भुक्तानी सम्बन्धित पार्टिहरु, प्रशिक्षकहरुलाई नभई कार्यक्रम संयोजकलाई भएको छ।

• पुनर्ताजगी तालिममा पुरानो सहभागी वा उद्यमकी भएको नखुलेको ।

• प्रशिक्षकको कन्टेन्ट र प्रस्ताव नभएको ।

• वितरण गर्नुपर्ने सामाग्रीहरु दाखिला वेगर वितरण गरेको ।

• गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन २०७७ बमोजिम कार्यक्रमको लागि आवश्यक्ता पहिचान यकिन गरी कार्यक्रम गर्नु पर्नेमा आवश्यक्ता पहिचान गरेको देखिएन ।

• कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो ।

• प्रविधि हस्तान्तरणको क्रममा र कपडा वित्तरण गरेकोमा समेत भरपाई संलग्न नराखेकोले पुष्ट्याई हुने गरी मात्र कार्य गर्नुपर्ने देखिन्छ ।

• प्रगति प्रतिवेदन तयार नगरेको, स्रेस्ता तथा अभिलेख व्यवस्थित नराखेको ।

• गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि उद्यम सहजकर्ता नियुक्त भएकोमा पालिकाले उद्यम सहजकर्तालाई उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्ने जिम्म्वारी दिँदा कार्यक्रमको अनुगमन प्रभावकारी नभएकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

३२ **प्रमाण पेश गर्नुपर्ने —**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.१५००००।- सम्परीक्षण गरिएको ।)*

३३ **स्वास्थ्य तर्फ -**

३३.१ पालिकाको स्वास्थ्य शाखाका लागि संघीय र प्रदेश सशर्त तथा वित्तीय समानिकरणबाट विभिन्न कार्यक्रम तथा खरिदका लागि बजेट विनियोजन भई कार्यक्रम संचालन र खरिद कार्यमा देहायबमोजिमका कार्यक्रमहरुमा रु.८२ लाख ३८ हजार खर्च भएको देखिएकोमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्

३३.२ **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष कोटेशन मार्फत रु.१९ लाख २० हजार को औषधि खरिद गरेको छ । औषधी सामाग्रीको अभिलेख पेश नभएकोमा लेखापरीक्षणको क्रममा फाँटवारीबाट देखिएका तपशिल बमोजिम औषधि सामाग्री खरिद गरेको यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच नगरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याज र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३३.३ **संस्थागत प्रसुति सेवा लिनेहरुलाई नगद रकम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत बजेट मितव्ययी, प्रभावकारी र औचित्यको आधारमा खर्च गर्नुपर्ने र दफा २४(३) अनुसार योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ। संघीय सरकार अन्तर्गतका कार्यक्रमहरुमा आमा सुरक्षा कार्यक्रममा प्रदान गरिने यातायात खर्च हिमाली, पहाड र तराईका जिल्लामा प्रसुति हुने सेवाग्राहीलाई क्रमश रु.३०००, रु.२००० र रु.१००० हुनेछ । त्यसै गरी गर्भवती उत्प्रेरणा सेवा वापत प्रोटोकल अनुसार गर्भवती जाँच गरी स्वास्थ्य संस्थामा सुत्केरी हुने सेवाग्राहीलाई रु.८०० उपलब्ध गराउनु पर्ने छ भन्ने व्यवस्था रहेको छ । पालिकाले यस आ.वमा संस्थागत प्रसुति सेवा लिनेहरुका लागि नगद स्वरुप २७३ जना सुत्केरीलाई रु.५०० का दरले जम्मा रु.१३६५०० खर्च गरेको छ। संघीय सरकार अन्तर्गतका कार्यक्रमहरुमा सुत्केरी प्रोत्साहन स्वरुप यातायात सुविधा र चारभेट बापत भत्ता वितरण गर्ने कार्यक्रम रहेकोमा कार्यालयले कार्यक्रममा दोहोरोपना हुने र चालु निशर्त खातामा व्ययभार पर्ने गरी नगद रकम वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३३.४ **औषधीको ब्याच र म्याद** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने उल्लेख छ । आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट

मुचुल्का उठाई राख्नु पर्ने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको हुनु पर्दछ । खरिद भएका औषधिहरुको दाखिला गरी माग अनुसार वितरण गर्नु पर्नेमा सबै निकासा जनाएको तर अभिलेख राखेको छैन। पालिकाबाट औषधि खरिद गरेको कुनै पनि विलमा औषधिको ब्याच र म्याद उल्लेख नभएको तथा र स्टोरमा उक्त औषधि सम्बन्धमा यकिन हुन नसकिएकोले औषिध खरिद भएको, रूजु भएको र संस्थामा निकासा भएको अभिलेख, खर्च र मौज्दात विवरण सहित प्रमाण पेश गर्नुपर्दछ ।

| गो भौ मिति | विवरण | आपूर्तिकर्ता | खरिद विवरण | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| ३।०७९।८।१९ | आयुर्वेद औषधि खरिद | | १८ प्रकार | १९३६७५ | वितरण रेकर्ड पेश नभएको |
| ३२।०८०।३।३ | औषधि खरिद | यज्ञराज मेडिसिन सप्लायर्स | ६२ प्रकार | ९५१७८५ | राष्ट्रिय दैनिक पत्रिकामा सूचना नभएको ब्याच नम्बर र एक्सपाईरी मिति नखुलेको |
| ४४।०८०।३।१५ | औषधि खरिद | | | ३५७०० | |
| ७८।८०।९।२४ | औषधि खरिद | गुडविल मेडिसिन सर्जिकल | ४८ प्रकार | ९९८७२९ | |
| ६६६।८०।३।१२ | मेडिकल सामाग्री खरिद | स्टार ईन्टरनेश्नल एक्सपोर्ट इम्पोर्ट | ECG, वाटर प्युरिफायर, डिजिटल विपीसेट र हाईट वेट विएमआई मेसिन | ३५१७८३ | उच्च दरमा खरिद |
| ३७।०८०।३।१२ | ल्याब सामाग्री खरिद | स्वर्गद्धारी ट्रैड सप्लायर्स | टेस्ट किट | २९९८६५ | राष्ट्रिय दैनिक पत्रिकामा सूचना नभएको ब्याच नम्बर र एक्सपाईरी मिति नखुलेको |
| ६।०८०।१।१३ | स्वास्थ्य संस्थाको लागि सामान खरिद | मिसन ईन्टरनेसनल कन्सर्न | | ५२५७३७ | |
| ६२।०७९।९।१९ | | पाथिभरा मेडिसिन सर्जिकल सप्लायर्स | | | कम्पनि तथा मोडेल र स्पेशिफिकेसन नखुलेको यकिन हुन सकिने अवस्था छैन |

३३.५ **अन्य व्यहोराहरु** - गाउँपालिकामा भएका स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुमा स्वास्थ्य बाहेकका अन्य सबै कर्मचारीहरुलाई समेत राखी भत्ता भुक्तानी गर्ने गरेको ।

- खरिद योजना समेत नबनाई खरिद कार्य गरेको पाईयो ।
- कार्यक्रमहरु मितव्ययी तरिकाले संचालन गर्नु पर्ने भएकोले भ्रमण खर्चमा नियन्त्रण हुनु पर्ने देखिन्छ ।
- खाजामा कार्यसञ्चालन निर्देशिका विपरित दरले खर्च गरेको पाईयो ।
- औषधि खरिदको मौजदात र निकासा अद्यावधिक नगरेको पाईयो ।

• स्वास्थ्य शाखाबाट खरिद भएका औषधि तथा सामाग्रीको दाखिला ELMIS मा अद्यावधिक नगरेकोले खरिद भएका सबै औषधि प्राप्त भएको सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन ।पालिकाले यस तर्फ ध्यान दिई सबै खरिदलाई ELMIS मा अद्यावधिक राख्ने गरी व्यवस्था मिलाउनु पर्दछ ।

• खरिद भएअनुसारको औषधि मौजदात नभएको र स्टोरमा नदेखिएकोमा शाखा प्रमुखबाट निकासा भईसकेका जस्ता जवाफ आउने गरेकोले यस सम्बन्धमा पालिकाले यकिन गरि औषधि खरिद तथा वितरण सम्बन्धमा प्रष्ट हुनुपर्ने देखिन्छ ।

• स्वास्थ्य शाखामा रियल टाईममा के कति औषधि मौजदात रहेको समेत अभिलेख नरहेकोले औषधि खरिद, निकासा तथा व्यवस्थापनमा निगरानी गर्नु पर्ने देखिन्छ ।

स्टेशनरी सामाग्री बुझेको भरपाई राखेको पाइएन ।

पालिकाबाट स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु हुने गरेकोमा अधिकांश कार्यक्रमको सोधभर्ना भुक्तानी स्वास्थ्य संयोजकको नाममा हुने गरेको पाईयो । उक्त कार्यक्रम संचालन गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी , प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको तथा खर्चमा पारदर्शिता भएको देखिदैन । त्यसैगरि कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन । प्रायजसो कार्यक्रमहरुमा संयोजक तथा स्वास्थ्यबाहेकका कर्मचारीले समेत भत्ता बुझ्ने गरेकोमा कार्यक्रमहरुको प्रतिवेदनमा उक्त व्यक्तिहरुको फोटो व्यानर सहित मिति खुल्ने गरी राख्नु पर्दछ र सोही अनुसार भुक्तानी हुनु पर्दछ । एउटै व्यक्ति अधिकांश कार्यक्रममा गएको भनि भ्रमण खर्च लेखेकोमा सो को विश्वस्निय आधार देखिदैन । पालिकाले यस सम्बन्धमा सुधार गर्नुपर्दछ ।

## ३४ कृषि तथा पशु विकास कार्यक्रम

३४.१ **पकेट विकास कार्यक्रमहरु** - प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको परिच्छेद ७. १ बमोजिम तोकिएको पकेटमा सञ्चालन हुने क्रियाकलापहरुका लागि कृषि उत्पादन समाग्रीहरु (बीउ, बेर्ना, बिरुवा, माछा भुरा पशु नश्ल लगायत) मा बढिमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढीमा १०० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढिमा ८५ प्रतिशत, कृषि औजार तथा उपकरणहरुमा बढिमा ५० प्रतिशत, साना सिचाइ पूर्वाधारहरुमा बढिमा ८५ प्रतिशत, उत्पादनोपरणान्न तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढीमा ८५ प्रतिशत सुविधा दिन सकिने व्यवस्था रहेकोमा पालिकाबाट तोकिएको पकेटमा सञ्चालित क्रियाकलापहरुमा म्यानुअलमा उल्लेखित व्यवस्था विपरित कृषकको कम लागत साझेदारी भई पालिकाबाट रु.९७९८२५ बढी सुविधा दिई थप व्ययभार परेको रु.

| पकेट | खर्च शीर्ष | जम्मा खर्च रु. | पालिकाको खर्च रु. | पकेट विकास समितिको खर्च | पकेट समितिको कम योगदान रु. |
|---|---|---|---|---|---|
| बाख्रा पकेट निरन्तरता कार्यक्रम | प्रजनन् योग्य माउ बाख्रा वितरण | ४६८००० | ४६८००० | ० | २३४००० |
| | आन्तरिक तथा बाह्य परिजिवी नियन्त्रणका लागि औषधी वितरण | ५०००० | ५०००० | ० | २५००० |
| अदुवा/बेसार पकेट निरन्तरताकार्यक्रम | मिनीटिलर वितरण | ३२५००० | २७६२५० | ४८७५० | ११३७५० |
| | तौल्ने मेसिन खरिद | ३०,००० | २७००० | ३००० | १२००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अदुवाको बिउ खरिद | १६२३०० | १२१७२५ | ४०५७५ | ४०५७५ |
| | जैविक मल र विषादी | १५००२५ | १५००२५ | ० | ७५०१३ |
| मकैबाली पकेट विकासकार्यक्रम | मिनीटिलर वितरण | ८०५००० | ७२४५०० | ८०५०० | ३२२००० |
| | स्प्रे टंकी वितरण | २०,०००/- | २०००० | ० | १०००० |
| | बिउ उपचार,जैविक मल तथा बाली संरक्षण सेवा | १५२५२५ | १५२५२५ | ० | ७६२६२ |
| | तौल्ने मेसिन खरिद | १५००० | १३,५०० | १५०० | ६००० |
| | मकै छोडाउने मेसिन वितरण | २४००० | २१६०० | २४०० | ९६०० |
| | मकैको बिउ खरिद | ९४५०० | ७०८७५ | २३६२५ | २३६२५ |
| | मकै पिस्ने चक्की | ६०००० | ५४००० | ६००० | २४००० |
| | सिड पलान्टर | २०,००० | १८००० | २००० | ८००० |
| जम्मा | | | | | ९७९८२५ |
| | | | | अनियमित भएको | ९,७९,८२५ |

३४.२ पालिकाले आ.व ०७९।०८० मा कृषि तथा पशु विकास अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालन गरकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**(क) लागत अनुमान तयार नगरी खरिद कार्य भएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थमन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु गराउनु पर्ने व्यवस्था रहेको छ । खरिद सम्बन्धमा गाउँपालिकावाट कुनै कानुनी प्रावधान उल्लेख गरेको पाइएन । अतः गाउँपालिकावाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

**(ख) कृषक छनौट** - कार्यालयले विभिन्न मितिमा बिउ, बिषादीहरु कृषि औजार लगायतका कृषि सामाग्रीहरु विभिन्न फर्महरुबाट खरिद गर्ने र विभिन्न कृषकहरुलाई बितरण गर्ने गरेको पाइयो । यसरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन । यस्तो प्रणाली नहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ ।

**(ग) प्रभावकारीता** - सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको

स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्धेश्य अनुरुप अनुदानको सदुपयोग भएको हो होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिँदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

**(घ) मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची—५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ।कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

**(ङ) कृषक संग सम्पर्क गरेर बुझ्न सकिएन** - कृषकले विभिन्न सामाग्री बुझेको भर्पाईमा कुनै पनि कृषकको सम्पर्क नम्बर उल्लेख नगरेकोले कृषि सम्बन्धी सामग्री तथा सेवाहरु प्राप्त गरे, गरेनन् वुझ्न सकिएन । अतः गाँउपालिकाले अनुगमन गरेर एकिन गर्नु पर्दछ ।

**(च) बाखाको तौल निर्धारण नभएको** - लागत अनुमान तयार गर्दा बाखा प्रति गोटा का आधारमा दर निर्धारण गरेको छ, कति तौलको बाखा खरिद गर्ने हो उल्लेख छैन । बाखा तोकिएको तैल अनुसार खरिद भए भएनन् खुल्दैन साथै सवै बाखा एउटै दरमा खरिद गरेको व्यवहारीक देखिँदैन । पालिकाले लागत अनुमान तयार गर्दा बाखाको तौल अनुसार भूक्तानी हुने गरी गर्नुपर्दछ र बाखा खरिद गर्दा तौल खुल्ने गरी गर्नुपर्छ ।

**(छ) स्वास्थ्य परीक्षण नभएको** - बाखा खरिद गर्नुपुर्व स्वास्थ्य परिक्षण गरेर स्वस्थ्य बाखा मात्र खरिद गर्नुपर्ने मा कृषकले खरिद गर्दा बाखा को स्वास्थ्य परिक्षण गरेर खरिद गरेको पाईएन ।

**(ज) तोकिएको गुणस्तर नभएको** - लागत साझेदारी बाखा स्रोत केन्द्र विकास कार्यक्रम कार्यसञ्चालन प्रकृया सम्बन्धी मार्गदर्शन २०७७ को नियम ५ (४) मा उन्नत बोका शुद्ध नश्लको हुनुपर्नेछ भने पहिलो पुस्तामा जन्मिने पाठापाठीमा सो बोकाको कम्तिमा ५० प्रतिशत रगत शुद्धता हुनेगरी हुनुपर्ने व्यवस्था रहेको छ । खरिद गरिएका बाखा कुन जात को हो परिक्षण भएको प्रमाण छैन, साथै निर्देशिकाले तोके बमोजिमको जातको बाखा खरिद भएको छैन । अतः बाखा खरिद गर्दा निर्देशिकाले उल्लेख गरेको जातको खरिद गर्नुपर्दछ ।

**(झ) अन्य व्यहोराहरु** -

• कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

• वितरण गरीएका बोयर,बाख्रा तथा वंगुर निश्चित अवधि सम्म बोका वेचविखन गर्न नपाउने र विउ पूँजीको रुपमा अन्य कृषक समुहहरुमा साटफेर गर्ने गरी कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन। यसबाट अनुदानको सहि सदुपयोग हुनेमा विश्वस्त हुन सकिएन। यस प्रकारका वितरण मुखी कार्यक्रममा नियन्त्रण हुनुपर्दछ।

• प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा उक्त कार्यक्रममा पकेटहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्तावबाट छनौट गर्नुपर्ने समेतको व्यवस्था छ।

• कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको छ ।

• नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।

• निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, पशु विमा नगराएको देखियो।

• अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।

• अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिंदैन ।

अतः गाउँपालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

३५ **विद्यालय आईटि ल्याब** -

*...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.१२९८०००।- सम्परीक्षण गरिएको ।)*

३६ **वर्षान्तमा कोटेशनबाट कार्य** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा देहायनुसारका सामाग्रीहरु खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा कोटेशन माग गरी सोझै खरिद गरेकोमा अधिकांश खरिद तथा निर्माण कार्य असार मसान्तमा बजेट खर्च गर्ने प्रयोजनले गरेको देखिन्छ । वर्षान्तमा हुने निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने हुन्छ । त्यसैले पालिकाले खरिद योजना बमोजिम चौमासिकगत रुपमा खर्च गर्नुपर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| भौ.नं.मिति | | भुक्तानी पाउनेको नाम, ठेगाना | ठेक्का । कार्यको नाम | लागत अनुमान | सम्झौता रकम | जम्मा भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १२/१३/०७९ | ६२ | सरुमारानी इश्वर निर्माण सेवा | भवन निर्माण रंगरोगन तथा घेराबार | ९९९४१२ | ९९९०२२ | ९८७०९१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सपना एण्ड सिमा निर्माण सेवा प्रा. लि. | विपन्न परिवार जिवन स्तरउन्नति कार्यक्रम अन्तर्गत गोठ/भकारो तथा आवास गृह निर्माण र तारजाली योजना | ६०४८६६ | ५९८४९० | ५९८२८७ |
| ०२/२६/०८० | १५१ | ओशन ई. कन्सल्टेन्सि र सप्लायर्स | सभाहल मर्मत | ९९९८४८ | ९८९७०२ | ९५११७३ |
| ०३/२२/०८० असार | २७१ | भक्त निर्माण सेवा | हंसपुर वृहत खानेपानी योजना मर्मत | ९९९८४९ | ९८४४७४ | ९७५२०७ |
| ०३/२२/०८० असार | २७२ | अशोक निर्माण सेवा | कुडुले सिरबारी देउराली मो.बा.सडक स्तरोन्नती | ८४८४२० | ८३७८४७ | ७६४०४० |
| ०८०/०३/२३ असार | २८४ | एडभान्स ईन्जिनियरिङ | ऐरावती बड्डाँडा पुठाखोला दाङ्ग सडक स्तरोन्नती सडक ग्राभेल | ३४३८१३ | ३०७६४३ | २८०६७३ |
| ०३/२२/०८० असार | २७० | अभिषा निर्माण सेवा प्रा. लि. | बांगेसाल सामुदायीक सिंचाइ पोखरी निर्माण (४ वटा) | ९९९६६६ | ९८८७४७ | ९८८०३६ |
| ०३/०७/०८० असार | १९९ | अविन विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | सिचाई योजनाका लागी बिद्युत लाइन बिस्तार | ५९९५७० | ५९२५९० | ५९२५९० |
| ०३/२२/०८० असार | २६८ | इशान ट्रेड कन्सर्न एण्ड सप्लायर्स | सोलार मोटर खरिद | | | २८८१५० |
| ०३/२३/०८० असार | ५८ | विजु निर्माण सेवा | हात्तिखाल खानेपानी योजना | ९९९३४७ | ९७८९५१ | ९७०६५८ |
| ०३/२२/०८० असार | २७४ | अनुग्या जनरल अर्डर सप्लायर्स | पार्टेशन सम्बन्धी कार्य गाउँपालिकामा | | २२६३६५ | २२६२६५ |
| | | | | | | ७६२२१७० |

३७ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले भौ नं ३३४।०८०।३।१७ बाट सेवक सप्लायर्सबाट ८२८० थान स्यानिटरी प्याड रु.७०.०६ का दरले रु. ५८००९६ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले कार्यविधि अनुसार विद्यार्थी संख्या तथा गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि पालिकाले विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा गर्नु पर्नेमा एकमुष्ट माग फारममै निकासा गरेको देखिन्छ । पालिकाको शिक्षा शाखाले विद्यार्थी संख्या अनुसारको वित्तरण योजना पेश नगरी एकमुष्ट विद्यालयमा निकासा गरेको कार्यविधिको पालना गरेको देखिएन ।

३८ **एम्बुलेन्स खरिद** –

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.२००००००।- सम्परीक्षण गरिएको ।)*

---

३९ **कम्प्यूटर सामाग्री खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु.१० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष कम्प्यूटर सामाग्री खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको नियमानुसार देखिएन।पालिकाले खरिद नियमावली अनुसारको खरिद योजना बनाई तथा प्रक्रिया पुर्याई प्रतिष्पर्धात्मक रुपले मितव्ययी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

| मिति | भौ | सामाग्री | आपूर्तिकर्ता | रकम रु | विवरण |
|---|---|---|---|---|---|
| ०७९।७।२१ | ८ | ल्यापटपखरिद | न्युसिटी कम्प्युटर एण्ड सप्लायर्स | ९९०२१९ | hp envy i7 x360 512 gbssd 13.3 १ थान |
| ०७९।११।४ | २५ | कम्पयूटरसामाग्री प्रिन्टर खरिद १० थान | टेलिकट्रोनिक्सईन्टरनेशनल | ३७९५०० | brother color १ वटा canon 2900 १ वटा brother2540 ७वटा |
| ०८०।१।२५ | ९७ | ल्यापटपखरिद ४ थान र प्रोजेक्टर | पावरबिज अर्डर एण्ड सप्लायर्स | ८२४९९९ | 4 pcs dell 3510i5 8gb 256ssd 11th |
| ०८०।३।६ | ११ | विद्यालयमाल्याप्टप प्रिन्टर खरिद | ग्रेसीइलेक्ट्रोनिक्स अर्डर एण्ड सप्लायर्स | ४९८००० | dell 3510 i5 8gb 256ssd 11th ५ वटा canon G2020 printer ३ थान |
| | | जम्मा | | २६९२७१८ | |

पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाई वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । यस तर्फ पालिकाको ध्यान समेत जानु पर्दछ ।

---

४० **संघ विशेष अनुदान विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रम** - पालिकाले विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रमका प्रस्ताव पेश गरी संघिय सरकारबाट रु.१ करोड ४० लाख अनुदान पाएकोमा रु.९९०६६४२।३१ खर्च गरेको छ । उक्त अनुदान अन्तर्गत अधिकांश कार्यक्रम तालिम संचालन तथा वित्तरणमुखी कार्य रहेको पाईयो । विशेष अनुदानको कार्यक्रममा तालिम संचालन र सामाग्री खरिद तथा वित्तरणका साथै सहभागी भत्ता, अनुगमन भत्ता र अन्य विविध खर्च समेत भएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

---

४१ **तालिम प्रशिक्षण** - लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को दफा २१ मा तालिम मितव्ययी हुनुपर्ने उल्लेख छ । पालिकाले संघ विशेष अनुदान विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको कार्यक्रम तथा तालिम र अन्य तालिममा खर्च गरी तालिम कार्यक्रम संचालन गरेकोमा देहायअनुसारको व्हयोरा देखिएका छन् :

• सबै तालिम कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत र अन्य पदाधिकारी तथा कर्मचारीलाई समेत अनुगमन खर्च भुक्तानी गरेको पाईयो ।

• प्रत्येक तालिम कार्यक्रममा ५ देखि ८ जनाले भत्ता लिने गरेको र अनुगमन प्रतिवेदन समेत नराखेको,

• लक्षित वर्गलाई सहभागि गराउनु पर्नेमा अधिकांश तालिममा पदाधिकारी तथा कर्मचारीलाई सहभागी भत्ता तथा अन्य भत्ता दिएको पाईयो ।

• पालिका तथा वडास्तरीय तलिममा समेत सबै अध्यक्ष, वडा अध्यक्ष, वडा सदस्य तथा कर्मचारीले लक्षित समूह भन्दा बढी पदाधिकारी र कर्मचारी अधिक सहभागी भई भत्ता लिएको देखिन्छ ।

• विशेष प्रकृतिका तालिममा समेत विशेषज्ञ वा सो सम्बन्धि तालिम प्रमाण पत्र वेगर पालिकाका कर्मचारीले प्रशिक्षण वापत भत्ता लिएको देखिन्छ ।

• पालिकाको सभाहलमा भएको कार्यक्रममा समेत सहभागि तथा अनुगमन भत्ता लिने गरेको,

• पालिकाको काम काज प्रभावित हुने गरी अधिकांश तालिमहरुमा सहभागी भएवापत कर्मचारी तथा पदाधिकारीले भत्ता लिएको,

• पालिकाको सभाहल तथा पालिका अवस्थित वडामाको कार्यक्रम र तालिममा समेत भत्ता लिएको,

• स्रेस्ता साथ कार्यपत्र नराखि वा फोल्डर बनाई तालिम तथा प्रशिक्षक अनुसारको सफ्टकपी नराखि कार्यपत्र वापत भुक्तानी गरेको,

• प्रशिक्षकको भत्ता समेत भरपाई मार्फत भुक्तानी गरेको,

• प्रशिक्षण र अनुगमन भत्ता एउटै तालिममा लिने गरेको

• प्रशिक्षक र सहजकर्ताहरुको प्रत्येक कार्यक्रममा एउटै होटलको खाना खाजा विल तथा गाडी भाडा समेत खर्च लेखेको देखिन्छ ।

• एउटै ठाउँ र वडामा एकै प्रकृतिको सिलाई कटाई तालिमलाई टुक्रयाई सोही अवधिमा एक महिना देखि २.५ महिनासम्मको २ तालिम संचालन गरी छुट्टा छुट्टै प्रशिक्षक भुक्तानी गरेको पाईयो ।

• अधिकांश तालिमहरु अन्तिम त्रैमासिकमा संचालन गरी प्रत्येक दिन कुनै न कुनै तालिम संचालन भएको देखिन्छ । यस तालिम तथा कार्यक्रम संचालन हुँदा तालिमको उद्धेश्य तथा अपेक्षित उपलब्धिमा प्रभाव पर्दछ तथा कार्यक्र तथा भत्तामा दोहोरोपना हुन सक्ने देखिएकोले यससम्बन्धमा यकिन हुन सकिने अवस्था छैन । यस तर्फ पालिकाको ध्यानाकर्षण हुनुपर्दछ ।

यस सम्बन्धमा नमुना छनौटका आधारमा देखिएका व्यहोरा अन्य दफामा उल्लेख गरिएका छन् । पालिकाले निर्देशिका तथा ऐन कानुन बमोजिम भत्ता भुक्तानी तथा तालिम कार्यक्रम संचालन मितव्ययी रुपले गर्नुपर्दछ।

४२ **विशेष अनुदान लक्षित वर्ष कार्यक्रम खरिद तथा वित्तरण सामाग्री** - पालिकाले विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रमका लागि प्राप्त बजेटबाट देहाय अनुसारका कार्यक्रमहरुमा सामाग्रीहरु खरिद गरी सामाग्री सहयोग तथा वित्तरण गरेको विवरण प्राप्त भएको छ ।

| मिति | कार्यक्रम | सामाग्रीको विवरण | रकम |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | जेष्ठ नागरिकलाई सामाग्री सहयोग | ईलेक्ट्रिक केटली : ७१<br>थर्मश : ७१ | |
| १२८।<br>०८०।३।२१ | बालबालिका शैक्षिक सामाग्री सहयोग | डिजिटल स्पिकर : ३५<br>अल इन वन बुकः ७००<br>कलर पेपरः १४०<br>कलर पेन्सिलः ७०० प्याकेट | ५८९२९५ |
| ३१।<br>०८०।१।१६ | अति विपन्न परिवारका बालबालिकाहरुको लागि कापिकलम जस्ता शैक्षिक सामाग्री वित्तरण | कापीः४२० दर्जन<br>डटपेनः१५००<br>पेन्सिलः१५००<br>इरेजर।कटरः३००<br>ज्यामिति बक्सः८०<br>म्याग्जिन किताबः६४ | २८८४७० |
| ५०।<br>०८०।२।१८ | विपन्न परिवारका बालबालिकाहरुको लागि झोला, कपडा, | झोलाः२३०<br>पोशाक ड्रेस कपडाः२७० थान | ४०८९७५ |
| ७२।<br>०८०।३।१२ | अपाङ्ग सामाग्री सहयोग | व्हील चियरः१०<br>हेअरिङ्गहेडः२२<br>लठ्ठीः१०<br>बैसाखीः१०<br>कम्वोड चियरः४ | १९९९५० |
| ३६।<br>०८०।१।१५ | सिपमुलक तालिम सामाग्रि सहयोग | सिलाई मेसिनः५४ वटा | ७९९२०० |
| १२९।<br>०८०।३।२१ | सामाग्री | दमाहा मादर आदी बजाउने सामाग्री | ९९८२४ |

४३ **बाल अधिकार बालमैत्री शासन सम्बन्धि तालिम -**

..........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु.७४८००।- सम्परीक्षण गरिएको ।)*

४४ **नमुना युवा संसद कार्यक्रम –**

..........*(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु.२००००।- सम्परीक्षण गरिएको ।)*

४५ **सिलाई सम्बन्धि तालिम** –लुम्बिनी प्रदेश, सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका २०७९ को दफा २१ मा तालिम मितव्ययी हुनुपर्ने उल्लेख छ । संघ विशेष अनुदान विभेद तथा बञ्चितिकरणमा परेका समुदाय उत्थान कार्यक्रम तर्फ यस वर्ष प्रत्येक वडामा तालिम संचालन गरेकोमा प्रत्येक तालिमा सोही मितिमा २ पटक गरेको पाईयो । उद्यम विकास कार्यक्रमबाट समेत सिलाई कटाई सम्बन्धि तालिम भएकोले पालिकाले एकै प्रकृतिको तालिम सबै वडामा २ पटक भएकोले दोहोरोपना हुन सक्ने देखिन्छ । तालिमको विवरण देहाय अनुसार रहेको छ ।

| भौ नं | संयोजक | वडा | तालिम संचालन अवधि | सोधभर्ना | प्रशिक्षक | भुक्तानी | |
|---|---|---|---|---|---|---|---|
| ६७।८०।३।६ | जिवन डि सी | २ | ०७९।१२।१४- २।३१ | १४९५९० | पुष्पा गुरुङ | ५९४०० | |
| ६८।०८०।३।६ | जिवन डि सी | २ | ०७९।१२।१४- २।३१ | १००००० | कुमारी सुनार | ५९४०० | |
| ७०।०८०।३।१२ | बाबुराम भट्टराई | ६ | ०७९।१२।१६-२।३२ | ८३००० | प्रेम ब गाहामगर | ५९४०० | |
| ७१।०८०।३।१२ | बाबुराम भट्टराई | ६ | ०७९।१२।१६-२।३२ | १००००० | तानिसरा मगर | ५९४०० | |
| ७३।०८०।३।१२ | विक्रम श्रेष्ठ | ५ | ०७९।१२।२१-३।५ | ९९८३५ | ओबी बराल | ५९४०० | भरपाई |
| ७४।०८०।३।१२ | विक्रम श्रेष्ठ | ५ | ०७९।१२।२१-३।५ | १४९७७० | सरिता दमै | ५९४०० | भरपाई |
| ७५।०८०।३।१३ | याम बहादुर रायमाझी | १ | ०७९।१२।१६-२।२३ | १००००० | अस्मिता धामी | ५९४०० | भरपाई |
| ७६।०८०।३।१३ | याम बहादुर रायमाझी | १ | ०७९।१२।१६-२।२३ | १४९७०० | | ५९४०० | भरपाई |
| ९०।०८०।३।१६ | जनक सुनार | ४ | ०७९।१२।१६-३।१ | १४९६७१ | सन्तोष नेपाली | ६६८२६ | भरपाई |
| ९१।०८०।३।१६ | जनक सुनार | ४ | ०७९।१२।१६-३।१ | १००००० | विमला बुढामगर | ५९४०० | भरपाई |
| ९३।०८०।३।१२ | लोक ब राना | ३ | ०७९।१२।६-२।३२ | १५०००० | शुक्र ब दमै | ७३८७५ | भरपाई |
| ९४।०८०।३।१६ | लोक ब राना | ३ | ०७९।१२।१०-२।२५ | ९९००० | चेत ब दमै | ४९२५० | भरपाई |
| | | | | १४३०५६६ | | ७२४५५१ | |

पालिका यसरी प्रत्येक वडामा एउटै ठाउँ एउटै मितिमा २ वटा प्याकेज बनाई तालिम संचालन गर्दा मितव्ययियताको ख्याल गरेको देखिएन जसले गर्दा विविध खर्च, प्रशिक्षण व्यवस्थापन खर्च तथा प्रशिक्षक भत्ता वापत दोहोरो व्ययभार परेको देखिएकोले प्रशिक्षक भत्ता वापत खर्च भएको रु.७२४५५१।०० मध्ये रु.३६२२७५।०० थप व्ययभार पारेको देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६२,२७५ |

४६ **कर्मचारीलाई भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने उल्लेख छ । EFT लागू भएको अवस्थामा पालिकाबाट हुने गरेको खर्चको भुक्तानी सम्बन्धित व्यवसायीलाई भुक्तानी गर्नु पर्नेमा कर्मचारीहरुलाई सोधभर्ना भुक्तानी गरेको पाईयो । भौ नं ११६।०८०।३।१९ बाट २ महिने पल्मबिंग तालिम र ११७।०८०।३।११ बाट पंखा।मोटर सम्बन्धि तालिममा सम्बन्धत होटललाई भुक्तानी पार्टि पेमेन्ट नगरी रु.१३०५९०।०० भुक्तानी लक्ष्मण आचार्यले लिएको उचित देखिएन । पालिकाले सम्बन्धित पार्टीलाई भुक्तानी दिनुपर्दछ ।

४७ **सोलार जडान** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालय, बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतका नविकरणिय उर्जा प्रविधि जडानका लागिविभिन्न नविकरणिय उर्जा प्रविधिहरुको अधिकतम सन्दर्भ मूल्य निर्धारण गरी सोही आधारमा सौर्य बत्ती सम्बन्धित खरिद तथा जडान कार्यका लागि लागत अनुमान तथा खरिद कार्य गर्नु पर्दछ । पालिकाले संघ सशर्त अन्तर्गत नविकरणिय उर्जा प्रविधि जडानका लागि विनियोजन भएको रु.८ लाख बजेट सूचना प्रकासन तथा वैक्लपिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्टयाण्डर्ड र

स्पेशिफिकेसनको आधार नलिई सौर्य बत्तीको आधिकारिक विक्रेता नभएका र अन्य कारोबार तथा घरायसी विद्युतीय कारोबार गर्ने फर्मसंग दररेट माग गरि १२ थान व्याट्री १५०एएच व्याट्री, ५ थान ईन्भर्टर, ८ थान १६५wp सोलार प्यानल सहित अन्य सहायक सामाग्री खरिद र जडान कार्यका लागि यथार्थपरक लागत अनुमान तयार नगरी तथा सौर्य बत्ती तथा पार्टसको वारेन्टी खुलाउनुपर्नेमा सो समेत नखुलाई हेन्ड्रिका इलेक्ट्रीक एण्ड ईलेक्ट्रोनिक्ससंग रु.७९४९११।०० मा खरिद कार्य गरेको पाईयो । यस कार्यका लागि सम्बन्धित प्राविधिकसंग यथार्थपरक लागत अनुमान तयार हुनुपर्नेमा पालिकाको सूचना प्रविधि अधिकृतले तयार गरेको छ । बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र अन्तर्गतको कार्यक्रममा यथार्थपरक लागत अनुमान तयार गरी खरिद कार्य गर्नुपर्दछ

४८ **उपभोक्त समितिबाट विद्युतीकरण कार्य** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १ मा १ करोड रुपैयासम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने उल्लेख भएकोमा कार्यालयले निर्माण बाहेक वस्तु खरिद सम्बन्धि कार्य समेत उपभोत्ता समितिसँग गराएको पाइयो । पालिकाले भौ नं ३०।०८०।२।१४ बाट खोरिया टोल विच बाटो हुदै सरस्वती मावि फोर्सावाङ विद्युत विस्तार योजनाको कार्यका लागि चाहिने विद्युतीका सामाग्री तथा जडान सम्बन्धि कार्यको लागि पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी रु.१३९४११२।०० को कार्य गराई रु.१२५३९३६।०० भुक्तानी गरेको पाईयो । उक्त भुक्तानी मध्ये उपभोक्ता समितिले रु.रु.१२३०७४१।०० एरिक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लिलाई गरेको पाईयो । उक्त योजनाको विद्युतीय विस्तार गरी टेस्टिंग तथा संचालन भएको समेत पेश भएन । पालिकाबाट कानुन प्रतिकुल हुने निर्णय गरी वस्तु खरिदका कार्यहरु उपभोक्ताबाट गरेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,५३,९३६ |

४९ **प्राविधिक बिल र कार्य सम्पन्न** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने केही कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| मिति | भौ | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | विल रकम | सम्झौता रकम | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|---|---|
| ०७९/११/१५ प्रदेश पूजि | ५ | डाँडापसल सोमैटोल मोटबाटो स्तरउन्नती वडा नं ४ | ४८०९५५ | ३५२४७० | ५३४४५४ | ५३४४५४ |
| १२/०१/२०७९ | ४३ | पनाहा मो बा स्तरउन्नती | १९५९१३ | १८३७०० | २२२९६७ | २२२९६७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२/०६/२०७९ | ५४ | बट्टाँडा पनाहा मो बा स्तरउन्नती | १४७२४८ | १४६९१० | १६३६३१ | १६३६३१ |
| १२/२७/२०७९ | ६६ | ओज्जेनी पाङवाङ मो बा स्तरोन्नती योजना | १९४३९८ | १९५००० | २१६७४१.४ | २१६७४१.४ |
| १२/२९/२०७९ | ७३ | विभिन्न सडक मर्मत योजना | १४६६२४ | २०६७९० | २२९६५५ | २२९६५५ |
| ०३/१७/२०८० | २३३ | बट्टाँडा उपल्लो बङ्गारी टोल मो बा निर्माण | ९५,६०१ | ९५६०१ | १०६०२८ | १०६०२८ |
| ०२/२६/२०८० | २६ | निग्रेली पाङवाङ मोटरबाटो निर्माण वडा नं ६ | ५००००० | ५०५६१० | ५६०८८० | ५६०८८० |
| ०३/०४/२०८० | १९६ | सेम्ले मो बा निर्माण | १००००० | १०३१०० | ११४०७६ | ११४०७६ |
| ०३/०४/२०८० | १९८ | अर्खले बसेरी मो बा निर्माण योजना | २९५३४६ | २९४३४६ | ३३०६३० | ३३०६३० |
| १२/१९/२०७९ | ६५ | पालुथान नौघाट मो.बा.स्तरोन्नि | १९१३४६ | १९०२९६ | २१४५७१ | २१४५७१ |
| १२/०१/२०७९ | ४४ | लुकलुके झाक्रिकोल मो बा निर्माण | १४३९९९ | १४९९४८ | १६०१८४ | १६०१८४ |
| ०७९।१२।१६ प्रदेश पूजि | ९ | विरिङ्गकोट देखि उपल्लो विरिङ्गकोट मर्साइ टोल राङ्गभाङ्ग मोटरबाटो | ७००००० | ७०१६५६ | ७८००८७ | ७८००८७ |
| १२/३०/२०७९ | ७६ | राङभाङ सुवाखोला करमबास मो बा स्तरोन्नती | १५२०६३ | १५३१९२ | १६९२०१. | १६९२०१. |

५० **योजना भुक्तानी** –पालिकाले कार्यपालिकाको निर्णय अनुसार उपभोक्ता समितिबाट रु.५००००।०० सम्मका सम्झौता भएका योजनामा उपभोक्ता समितिका अध्यक्षको नाममा भुक्तानी दिएको पाईयो ।पालिकाले न्यून बजेट तथा सारभुत रुपमा उपलब्धि नहुने योजनाहरु बनाई यस प्रकृतिले भुक्तानी दिने कार्य बन्द गर्नु पर्दछ । साथै रु.१ लाख भन्दा कमका योजना तथा कार्यमा वडा सचिवलाई समेत भुक्तानी दिने गरेकोले उक्त कार्य नियन्त्रण हुनु पर्दछ ।

५१ **हेभी इक्विपमेण्टको प्रयोग** –सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । देहायका उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यमा निर्माण व्यवसायीको विल संलग्न रहेको देखिएकोले उपभोक्ता समिति आफैले निर्माण कार्य गरेको देखिदैन ।

| निर्माणव्यवसायी | हेभी मेशिनप्रयोग योजना | सम्झौता | कार्यसम्पन्न | विल रकम रु. |
|---|---|---|---|---|
| जि सी निर्माण सेवा प्रा लि | १७ | ४६३६८०७ | ४५६८८६८ | ३५०७५५३ |
| स्मृति विशाल कन्स्ट्रकसन सेवा | ६ | ५३४२२५९ | ५२३१९२१ | ४०१४९६२ |
| राजपुरनिर्माण कम्पनी प्रा लि | ७ | ३०१६०२५ | २९९५४८७ | २८१४४१८ |

| | | | | |
|---|---|---|---|---|
| वि आई निर्माण सेवा | ८ | १२७१४४१ | १२२७३७४ | १०७६३५० |

अधिकांश योजनामा सोही निर्माण व्यवसायीले कार्य गरेकोले उपभोक्ता समितिभन्दा निर्माण व्यवसायीलाई हुने गरी योजना बनाएको देखिन्छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालकोको कार्य हुनुपर्ने र लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन पर्नेमा सो अनुसार भएको देखिएन ।केही उदाहरण देहायनुसार छन्

| उ सको नाम | कार्यसम्पन्न रकम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | विल रकम | सम्झौता रकम |
|---|---|---|---|---|---|
| डुबुङ्गे बैके मोटरबाटो केवरापानी वडा | ५४९२६१ | ४९३००० | जि सी निर्माण सेवा प्रा लि | ४९२०१० | ५५५७०१ |
| निग्रेली पाङवाङ मोटरबाटो निर्माण वडा | ५६०८८० | ५००००० | राजपुर निर्माण कम्पनी प्रा लि | ५०५६१० | ५६०८८० |
| थक्कलेनी मुर्कुटी मो बा मर्मत | १११९७२७ | ९९७००० | राजपुर निर्माण कम्पनी प्रा लि | १११०२२७ | १११९२८० |
| टुनीफेद उपल्लोखुट्टी मो बा स्तरउन्नती | ५४८०३१ | ४९७७५० | राजपुर निर्माण कम्पनी प्रा लि | ५००००२ | ५५६२५४ |
| विरिङ्गकोट छेडा देखि उपल्लो विरिङ्गकोट मर्साइ टोल राङ्गभाङ्ग मोटरबाटो निर्माण वडा | ७८००८७ | ७००००० | स्मृति विशाल कन्स्ट्रकसन सेवा | ७०१६५६ | ७८००८७ |
| ठाडीओडार पधेरा खोला हुदै ठाडी ओडार गाउँ निस्कने मोटरबाटो निर्माण | ६३१८२० | ५६०४२३ | स्मृति विशाल कन्स्ट्रकसन सेवा | ५६१००० | ६७१३९६ |
| कुश्चुके मो बा ममर्त योजना | ५५६८४० | ४९९९२१ | स्मृति विशाल कन्स्ट्रकसन सेवा | ५७३४०० | ५५६९२८ |
| जस्पुर-पुठाखोला मोटरबाटो निर्माण योजना | २७२१६९४. | २४४९४२१ | स्मृति विशाल कन्स्ट्रकसन सेवा | १६७२५६६ | २७७७८२७. |

५२ **उपभोक्ताबाट वडा कार्यालय भवन निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने रहेकोमा पालिकाको देहाय अनुसारको वडा कार्यालय निर्माणको कार्य उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको देखिएकोले पालिकाले खरिद विधि छनौट गर्दा नियमावलीको पालनामा ध्यान दिनुपर्ने देखिन्छ । उदाहरण :

| सि नं | कार्यक्रम | भुक्तानी रकम रु |
|---|---|---|
| २१६।०८०।३।१४ | वडा कार्यालय भवन मर्मत वडा नं ३ | ४२९४८० |

५३ **विजक नम्बर** –

.......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.४०३५२४।- सम्परीक्षण गरिएको ।)*

५४ **रितपूर्वकको कर विजक** –

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.५०१७३९।- सम्परीक्षण गरिएको ।)*

---

५५ **उपभोक्ता समिति मार्फत कार्य** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको २२० वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.४ करोड ६७ लाख ९८ हजार भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

**क) भुक्तानीको सिफारिस** – उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

**ख) जनसहभागिता** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता

समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

**ग) कामको नापजाच** – कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

**घ)** बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

ङ) **अनुगमन समिति** – उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**च) म्यादथप** - पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिंदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

छ) **आयोजना हस्तान्तरण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**ज) सार्वजनिक परिक्षण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

५६ **विज्ञापन वोर्ड कोष खाता कट्टी** – विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६क को उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नुका साथै पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन मितव्ययि रुपले गर्नु पर्दछ ।

५७ **लागत अनुमान र चेनेज** – सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तयार गर्नुपर्ने तथा नियम ५क१ मा निर्माण कार्यको स्पेशिफिकेसन, नक्सा, डिजाइन, विशेष आवश्यक्ता वा अन्य विवरण तयार गर्नु वा गराउनुपर्ने उल्लेख छ । उपनियम क१ बमोजिम तयार गरिएको विवरण पूर्वानुमान गर्न नसकिने, प्राकतिक प्रकोपजन्य परिस्थिति सिर्जना भएपना, विभागिय नर्म्स परिवर्तन भएमा जस्ता कारण भएमा डिजाईन, ड्रइंग वा नक्सा संशोधन तथा स्वीकृत गराई कार्य गराउन सकिने उल्लेख छ र सो बाहेक स्वीकृति वा संशोधन वेगर फरक कार्य गर्न नमिल्ने देखिन्छ । ठेक्का नं ३।७९।८० बड्डाडाडा उपल्लो खुट्टी तिराम मोटरबाटो स्तरोन्नती कार्यका लागि रु.१००१३९३५।०० को लागत अनुमानमा ४३ प्रतिशत घटीमा निर्माण व्यवसायी के.सी. निर्माण सेवासंग रु.५८१५५३७।०० मा सम्झौता भई रु.५३६६६९३।०० (सम्झौता भन्दा घटी ७.७२ प्रतिशत) मा कार्यसम्पन्न गरेको पाईयो । यसरी ४३ प्रतिशत भन्दा घटीमा सम्झौता गरेको निर्माण व्यवसायीसंग पूरै कार्य सम्पन्न गराउनुपर्नेमा कुल २.६४ कि.मी. सडकको स्तरोन्नती कार्य १.६ कि मी मै परिमाण पुगेकोमा कार्य सम्पन्न गरेको पाईयो । उक्त कार्यका लागि लागत अनुमान स्वीकृत गर्दा ०+०० देखि २+६४० सम्मको ल्यान्डस्लाई हटाउने, एक्साभेसन गर्ने तथा प्रोटेक्सन सहितको सडक स्तरोन्नती कार्य रहेकोमा निर्माण कार्य गर्दा शुरुको चेनेजबाट निर्माण कार्य शुरु नगरी उल्टो चेनेजबाट नापी गरेको र सो नापीमा कुल २.६४ किमी मध्ये १.६ कि.मी.को मात्र कार्य गरेकोमा ०+६६० मा ग्यावियन कार्य गर्नुपर्नेमा फरक चेनेज १+९८० मा गरेको तथा अन्य कार्य समेत फरक चेनेजमा गरेकोले लागत अनुमान यथार्थपरक देखिएन । यसरी घटी कार्य तथा फरक ठाउँमा नियमावली विपरित संशोधन नगरी कार्य गरेको उपयुक्त देखिएन । लागत अनुमानमा आधारित भई कार्य सम्पन्न गर्नुपर्दछ ।

५८ **भेरिएशन** – सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ ।ठेक्का नम्वर १।०७९।८० ऐरावती बङ्गाडा पुठाखोला दाङ्ग सडक स्तरउन्नोति योजना निर्माण व्यवसायी बस्नेत।ईशान जे भी सँग मिति २०७९।१०।१६ मा सम्झौता भइ सम्झौता रकम रु.४,२६,६६,९४६।०० मा २०८० असार १० गते सम्म कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । निर्माण कार्यको लागत अनुमान तयार गर्दा यकिन नगरी सो भन्दा अतिरिक्त परिमाण पक्की सडकको लम्बाई कम रहेकोले ३४ मिटरले बढाउनुपर्ने, ग्राभेल सडकको लम्बाई २४२.८ मिटरले बढाएको, ४५ एम एम ह्युम पाइप लम्बाई २० मिटरले बढाएको, पक्की नालाको लम्बाई ३७ मिटरले बढाएको जस्ता कारणले रु.९,०७,४६०।०० (२.१३ प्रतिशत) सम्झौता कार्यान्वयनको क्रममा भेरिएशन भइ प्रमुख प्रशासकिय अधिकृतले ले २०८०।३।५ स्वीकृत गरेको देखियो । लागत अनुमान तयार गर्दाको समयमा पूर्वानुमान गर्न सकिने आइटमहरुको कार्य परिमाण समेत लागत अनुमान तयार गर्दा छुट नभएको देखिएकोमा पालिकाले स्थानीयको माग र साईट अवस्थाको कारण उल्लेख गरी भेरिएशन भएको जनाएको छ । लागत अनुमानको तुलनामा सम्झौता रकमको ३.७५ प्रतिशत मात्र घटि भएकोमा पूर्वानुमान गरी लागत अनुमानमा राख्न सकिने परिमाण थपेकोले सम्झौता रकम बढेको पाईयो । निर्माण कार्यको लागत अनुमान तयार गर्दा पूर्वानुमान गर्न सकिने आइटम तथा परिमाणहरु लागत अनुमानमा समावेश गरी यथार्थ परक लागत अनुमान तयार गरी सम्झौता कार्यान्वयनको क्रममा भेरिएशन हुने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

५९ **परामर्स तथा डीपीआर खर्च** – बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि न | परामर्शदाताकोनाम | कार्यको विवरण | लागत अनुमान | सम्झौता रकम | जम्मा भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | सार्थकईन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | पालिकास्तरिय१० शैयाको अस्पतालको डिपिआर | ९९९४८५ | ९८५६९९ | ९८५६९९ |
| २ | इन्टेन्सीभस्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. | विपदव्यवस्थापन योजना | ५९९२५० | ५८२६२८ | ५८२६२८ |
| ३ | इन्टिग्रेटेडस्टडिज एण्ड रिसर्च सेन्टर प्रा.लि. | सरुमारानीगाउँपालिकाको राजश्व सुधार योजना | ४४८६१० | ४४२९६० | ४४२९६० |
| ४ | सार्पीरिसर्च सेन्टर प्रा.लि. | नदिजन्य पदार्थउत्खन्न संकलन र निकासीका लागि प्रारम्भिक वातावरणिय परिक्षणको प्रतिवेदन | ४९८३२४ | ४८५९०० | ४८५९०० |
| ५ | स्वर्गद्धारीडेभलोमेन्ट रिसर्च तथा इन्जिनियरिङ कन्सलटेन्सी | सरुमारानीगाउँपालिकाको मध्यमकालिन खर्च संरचना तर्जुमा २०८० | ४९७१०९ | ३३९००० | ३३९००० |
| जम्मा | | | | २८३६१८७ | २८३६१८७ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण

स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा समेत आउनु पर्दछ ।

६० **नमुना विद्यालय भवन निर्माण –**

***...........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फर्स्योट भएको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.५०००००० ।- सम्परीक्षण गरिएको ।)***

६१ **भेरिएसन र म्याद थप –** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । त्यसैगरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले बाह्रो संशोधन नियम १२०क अनुसार देहायको निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन पेश गरेकोमा उचित कारण नभई पूर्वानुमान गर्न सकिने कार्य तथा म्याद थप गर्नकै लागि तिनै ठेक्कामा कार्यपालिकाले २०७८।७९ मा नै सम्पन्न हुनुपर्ने निम्न योजनाहरु २०७९ असार मसान्तमा कार्यसम्पन्न तथा अन्तिम भुक्तानी नभएकोले मिति २०७९।३।२१ को कार्यपालिका बैठकमा देहाय अनुसार भेरिएसन गरी थप व्ययभार पारेको तथा भेरिएसन अर्डर जारी गरेको नियम सम्मत नदेखिएको रु.

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्पन्न गर्नुपर्ने मिति | म्याद थप गरेको | शुरु सम्झौता रकम | भेरिएसन रकम | भेरिएसन पश्चात सम्झौता रकम | कुल भुक्तानी रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| NCB १० ७८/७९ | बड्डाडा बजारक्षेत्र कालोपत्रे | स्मृति विशाल निर्माण सेवा | ०७९।३।१५ | ०७९।६।१५ | ६९३२८१६ | ५६१५६७ (८.१) | ७४९४३८४ | ६९३३५८७ |
| NCB १३ ७८/७९ | बड्डाडा बजारक्षेत्र कालोपत्रे | कश्यप निर्माण सेवा | ०७९।३।१५ | ०७९।६।१५ | २९९१५४० | ३५६८१६ () | ३३४८३५७ | ३३३४७७४ |
| NCB १५ ७८/७९ | ऐरावती बड्डाडा पुठ्खोला दाङ् स्तरोन्नती | स्मृति विशाल निर्माण सेवा | ०७९।१।३० | ०७९।५।१५ | ६५७६९६७ | ३८४४२८ (५.८५) | ६९६१५७० | ६९६१५७० |
| | जम्मा | | | | | १३०२८११ | | |

| अनियमित भएको | १३,०२,८११ |
|---|---|

६२ **खरको छानो विस्थापन कार्यक्रम –**

***...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.८४०७९३४।- सम्परीक्षण गरिएको ।)***

६३ **त्रुटी सच्चाउने अवधि नसकिदै पुन बोलपत्र** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा निर्माण कार्यको कार्यसम्पन्न पेश गर्नु पर्ने र निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटी देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमा नै दावि गर्नुपर्ने उल्लेख छ । पालिकाले ऐरावती बड्डाडा पुठ्खोला दाङ् स्तरोन्नती योजनाका लागि ठेक्का नं १५।०७८।७९ बाट कार्य गराई २०७९।५।२ मा कार्यसम्पन्न गराएको र सोको त्रुटी सच्चाउने अवधि २०८०।५।२ सम्म रहेकोमा सो अवधि भित्र २०७९।१०।१६ मा नै नयाँ सम्झौता गरी ठेक्का नं १।०७९।८० व्यवस्थापन गरी कार्यदिश दिईएको पाईयो। यसरी गत वर्षको ग्राभेल सव वेशको कार्य भएको उक्त ठेक्काको त्रुटी सच्चाउने अवधिमा नै नयाँ ठेक्का व्यवस्थापन गरी त्रुटी दायित्व कभर नहुने गरी कार्य गराएको पाईयो ।

६४ **एज विल्ट** –

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।१२ को निर्णयबाट रु.१०००००।- सम्परीक्षण गरिएको ।)*

६५ **न्यून प्रतिस्पर्धा** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत खरिद कार्य गरेका देहायको बोलपत्रमा लागत अनुमानको तुलनामा न्यून प्रतिशत घटीमा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | ऐरावती बड्डाडा पुठ्खोला दाङ् स्तरोन्नती | NCB ०१।७९.८० | बस्नेत।इशान जेभी | ४३९९९७२८ | ४२६६६९४६ | ३.७५ |

६६ **फोहोरमैला व्यवस्थापन** – पालिकाले आर्थिक वर्ष २०७९।८० मा फोहोरमैला व्यवस्थापन वापत सम्झौता गरी रु.३३३०००।०० खर्च गरेको देखिन्छ तर उक्त सुविधा वापत पालिकाले कर उठाएको देखिएन ।

६७ **ढुंगा गिट्टी विक्रीको आय**

६७.१ ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्न उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २कमा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २ख बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४क बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४ख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसैगरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्यी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ ।

यस पालिकाले अद्यावधिक वातावरणिय प्रतिवेदनमा उत्खन्न गर्न सकिने परिमाण ८२१५३.५ घन मीटर अर्थात २९०१२२३.४८ घन फिट रहेकोमा पालिकाले राष्ट्रपत्ति चुरे तराई मधेश संरक्षण विकास समिति लिई लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ बमोजिम रु.६ प्रति घन फिटका दरले रु.४०७०४०००।०० मूअकर बाहेकमा दोश्रो पटक २०७९।१०।७ मा बोलपत्र सूचना आवहान गरेकोमा बोलपत्र स्वीकार नभएकोले पालिकाले अमानतबाट ढुंगा गिट्टी बिक्रीको कार्य गरेको छ । पालिकाले नगदी रसिद तथा अनलाईन रसिद समेत प्रयोग गरी र केही कर्मचारीलाई संकलनको जिम्मेवारी दिई यस वर्ष लुम्बिनी प्रदेश आर्थिक ऐन, २०७९ बमोजिम रु.६ प्रति घन फिटका दरले रु.४०३३९८७।०० उठाएतापनि प्रति ट्र्याक्टर विक्री गरेकोमा ट्र्याक्टरको ट्रलीको क्षमता नखुलाई विक्री गरेकोले सोही परिमाणमा उत्खन्न तथा विक्री भएकोमा विश्वस्त हुन सकिएन । पालिकाले ट्र्याक्टरको क्षमता सम्बन्धमा यकिन भई सोही अनुसारको परिमाण यकिन गरेर विक्री गर्नुपर्दछ ।

६७.२ **ढुंगा गिट्टी बिक्रीमा मूल्य अभिवृद्धि कर —**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।१० को निर्णयबाट रु.५२४४१८।- सम्परीक्षण गरिएको ।)*

६८ **राजस्व व्यवस्थापन-** यसमा निम्न व्यहोरा देखिएका छन् -

६८.१ **आयको अनुमान** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.११९७१९५० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.५०३१०९९ अर्थात अनुमान भन्दा ५८ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

६८.२ **स्थानीय तहरूको विभाज्य कोष—** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

६८.३ **कर –**

(क) सवारी कर – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

(ख) मनोरञ्जन कर –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ

। आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

(ग) व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

६८.४ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शिर्षक | वार्षिक अनुमानित आय | असुली रु. | असुली प्रतिशत |
|---|---|---|---|
| ११३१३ - एकीकृत सम्पती कर | ३०००००.०० | ४६६९६७.१० | १५५.६६ |
| ११३१४ - भुमिकर/मालपोत | ११०००००.०० | १५१५८५२.३३ | १३७.८० |
| ११३२१ - वहाल कर | १०००००.०० | २३२५३६.९६ | २३२.५४ |
| ११३२२ - वहाल विटौरी कर | ३५००००.०० | २४२३३६.०० | ६९.२४ |
| ११४५१ - सवारी साधन कर (साना सवारी) | २००००.०० | ०.०० | ०.०० |
| ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिककारोवारमा लाग्ने कर | ०.०० | ९००.०० | |
| ११६३२ - अखेटोपहारमा लाग्ने कर | ७५०००.०० | १५००००.०० | २००.०० |
| ११६९१ - अन्य कर | १९१९५०.०० | ७८६४.०० | ४.१० |
| १४२१८ - विद्युत सेवा शुल्क | ०.०० | ६०.०० | |
| १४२१९ - अन्य सेवा शुल्क तथा बिक्री | ५००००००.०० | ३८५५५.०० | ०.७७ |
| १४२२१ - न्यायिक दस्तूर | ५०००.०० | १४५०.०० | २९.०० |
| १४२२३ - शिक्षा क्षेत्रको आम्दानी | ०.०० | ३४२००.०० | |
| १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | १२००००.०० | २०६२६३.६६ | १७१.८९ |
| १४२४२ - नक्सापास दस्तुर | १५००००.०० | ८९०७५.२४ | ५९.३८ |
| १४२४३ - सिफारिश दस्तुर | १०५००००.०० | ९८५१८४.४७ | ९३.८३ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | ३५००००.०० | २७७६२०.०० | ७९.३२ |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ६००००.०० | ३४८१०.२१ | ५८.०२ |
| १४२४९ - अन्य दस्तुर | २०००००.०० | १६३२६०.०६ | ८१.६३ |

| | | | |
|---|---|---|---|
| १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००००.०० | ८७३३७.०० | १७४.६७ |
| १४२६५ - अन्य क्षेत्रको आय | २५०००००.०० | ६३५१२.०० | २.५४ |
| १४३१२ - प्रशासनिक दण्ड जरिवाना र जफत | ०.०० | १०७००.०० | |
| १४६११ - व्यवसाय कर | ३५००००.०० | ४२२६१५.०० | १२०.७५ |
| | ११९७१९५०.०० | ५०३१०९९.०३ | ४२.०२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

६८.५ **राजश्व दाखिलामा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुली रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

६८.६ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

६८.७ **आन्तरिक आय –** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३८,८९,३२,८३६.०० | ८८,३०,३१५.४३ | २.२७ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६८.८ नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को दफा १० मा संकलन भण्डारण र घाटगद्दीको व्यवस्था गरेको छ । दफा १०(८) मा स्थानीय तहले नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरणको अवस्थाको निरन्तर अनुगमन गर्नुपर्ने र वर्षको कम्तिमा तिन पटक यसै कार्यविधिको दफा १७ बमोजिमको जिल्ला अनुगमन तथा व्यवस्थापन समिति समेतको रोहवरमा घाटगद्दीस्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेमा सो अनुगमन प्रतिवेदन पेश भएन । त्यस्तै संझौता बमोजिम नदी खोला खहरे खोल्सा र नदि उकास क्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदिजन्य पदार्थको मासिक प्रगति विवरण प्रत्येक महिनाको ७ गते भित्र व्यवसायीले ठेक्का लगाउने स्थानीय तहमा पठाउनु पर्ने व्यवस्था गरेको भएता पनि तदनुसारको प्रतिवेदन पठाएको देखिएन ।

# अनुसूचीहरू

**आर्थिक बर्ष – २०७९/८०**

**कार्यालय र स्थान : सरुमारानी गाउँपालिका, प्युठान, सरुमारानी गाउँपालिका, प्यूठान**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देविराम पाठक | २०७९-११-२१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | चिन्तामणि रेग्मी | २०७७-४-१ | २०८०-११-२० |
| लेखा प्रमुख | टोप वहादुर शाही | २०७७-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण –**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६१९,२१८ | ९,९७०,२२० | १०,८६१,१९७ | ० | ० | ८,४०५,७३२ |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २९,८५६,३६७ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | २१,८८६,१४७ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ७,९७०,२२० |

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**स्थानीय तह : सरुमारानी गाउँपालिका**

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५८६००४७४.८ | |
| आम्दानी | | खर्च | |
| **संघीय सरकारबाट अनुदान** | ३७८३७४२१० | **चालु खर्च** | ३३४२६८०६९.४ |
| **प्रदेश सरकारबाट अनुदान** | ३७४१९८७५.७२ | **पूँजीगत खर्च** | १७३६२८४५५.९ |
| **राजश्व बाँडफाँट** | ७५४४३७९६.६३ | **वित्तीय/अन्य व्यवस्था** | ३३८५६८६४.५९ |
| **आन्तरिक आय** | १०४५५१३०.४३ | | |
| **अन्य आय** | ४९०८५०८.५ | | |
| **कुल आय** | ५०६६०१५२१.२८ | **कुल खर्च** | ५४१७५३३८९.८९ |
| **बाँकी मौज्दात** | | २३४४८६०६.१९ | |